Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ४२, २०८० साल जेठ ९ गते मंगलबार (May 23, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# परिवर्तनकारी सरकारले निचाऱ्यो प्रेसको घाटी

**मोहन कार्की**

काठमाडौ । नेपालमा धेरै खालमा परिवर्तन भए थुप्रै पटक व्यवस्था नै परिवर्तन गरिए । ति परिवर्तन गर्न सरकारमा रहेकाहरुलाई सरकावाट झारेर सडकमा ल्याउन र सडकमा आन्दोलनमा उत्रिएका भुइफुट्टाहरुलाई सरकारको नेतृत्वमा ल्यउन यिनै प्रेसहरु छापा माध्यम, रेडियो, टेलिभिजनका सञ्चार माध्यमहरु प्रयोग भएका थिए ।

निक्कै संघर्ष र पीडाले भरिएका सञ्चार संस्थाले देशमा नयाँ थिति, नीति बसाउन ति सवै सर्घष र पीडा भुल्दै आएका छन् । यिनै संञ्चार संस्थाहरुलाई सधै जुनसुकै सरकार सत्ताले आफ्नो स्वार्थ रक्षाको लागि बेला बेलामा सञ्चारलाई अफठ्यारो पार्ने गरेका छन् । त्यस्तै पछिल्लो पटक नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अर्न्तगत रहेको विज्ञापन वोर्ड मार्फत पत्रपत्रिकालाई दिइदै आएको लोक कल्याणकारी विज्ञापन कटौती गरेर नयाँ र परिवर्तन भनिएको अझ थप्ने हो भने जनताको लागि जनयुद्ध कालमा आफ्नै स्याटेलाईट, एफएम रेडियो, टेलिभिजन चलाएर युद्ध लडेर आएको माओवादी पार्टीको नेतृत्वमा सरकार भएको वेला विज्ञापन वोर्ड मार्फत वितरण भईरहेको लोक कल्याणकारी विज्ञापन वजेट अभावको कारण जेठ महिनामा १५ दिनको मात्र भुक्तानी गर्न सकिने प्रेस विज्ञप्ति सार्वजानिक हुनुले नेपालका सञ्चार संस्था झस्किएका छन् ।

एकातिर भने अर्कोतर्फ तानाशाही राणाकालीन अवस्था भन्दा पनि पछाडी देश फर्कन लागेको आरोप पत्रकारहरुले लगाएका छन् । यहि जेठ ७ गते पत्रकार महासंघ उपत्यका प्रदेशले उक्त विषयको विरोधमा एक कार्यक्रमको आयोजना गरी विज्ञपन वोर्ड अगाडी धर्ना दिएको थियो । उक्त धर्ना कार्यक्रममा नेपाल पत्रकार महासंघ उपत्यका प्रदेशका सचिव टेनिस रोक्काले वर्तमान सरकार र सम्बन्धित निकायहरु राणाकालीन अवस्था भन्दा पनि पछाडी फर्केको आरोप लगाएका थिए ।




उक्त कार्यक्रमा बोल्दै नेपाल पत्रकार महासंघ काठमाडौ शाखाका सचिव महेश्वर गौतमले एक्यवद्धता जनाउदै नेपाल पत्रकार महासंघले पत्रकारहरुको हकहितमा लड्दै आएको र पत्रकारको मात्र नभएर समग्र सञ्चार संस्थाहरुको हकहितमा समेत काम गर्दै आएको र फेरी पनि सञ्चार संस्था र पत्रकारहरुको हकहितको लागि एकताबद्ध भएर सघर्ष गर्नुको विकल्प नरहेको बताएका थिए ।

त्यसैगरी नेपाल पत्रकार महासंघ ललिपुर शाखाका अध्यक्ष सागर न्यौपानेले उक्त घर्ना कार्यक्रमलाई एक्यवद्धता जनाउदै विज्ञापन वोर्डको स्थापना समानुपातिक विज्ञपन प्रणाली लागु गर्न राम्रो उदेश्य राखेर खोलिएको स्थापना कालमा हाम्रो पनि भुमिका थियो तर स्थापना कालदेखि नै पत्रपत्रिकाहरुको लागि सहजिकरण गर्नुपर्ने हो । तर पछिल्लो समय झन समस्या बल्झाउदै लगेको छ । यस्तै समस्या मात्र आईराख्ने सावधानको उपाय खोजेर वोर्डले काम नगर्ने हो भने वोर्ड नै नचाहिने धारणा राखेका थिए ।

त्यसैगरी वरिष्ठ पत्रकार प्रभु नारायण बस्नेतले पनि समस्याको सावधान खोज्न विज्ञापन वोर्ड मार्फत नेपाल सरकारलाई आग्रह गरेका थिए । त्यसै गरी वरिष्ठ पत्रकार देवेन्द्र चुडालले पत्रकार महासंघ यतिवेला के हेरेर बसेको छ । यसरी क्रमश पत्रपत्रिकालाई बजेट नपुग्ने भनेर लुम्बिनी सम्मेलनमा नै वोर्ड अध्यक्षले भनिसकेका रहेछन् । सञ्चार मन्त्रालयलाई पनि पत्र पठाईसकेको रहेछ । अभाव भएको वजेट सञ्चार मन्त्रालयवाट नै आउनुपर्ने नियम पनि रहेको हुदा यतापर्टी पनि नेपाल पत्रकार महासंघको ध्यान जानुपर्ने बताएका थिए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य गोविन्द चौलागाई,उपत्यका प्रदेशका अध्यक्ष श्रीजन झा लगायतले पछिल्लो पत्रपत्रिका तथा सञ्चार माध्यमका समस्याका वारेमा धारणा राखेका थिए ।

पार्टी पत्रकारिता गर्ने युनियनहरुको नेता बनेर आएकाहरुलाई पनि धारणा राख्न दिएको थियो । उनिहरुले पार्टीको बचाउ हुने ढंगवाट तौलिएर बोलेका थिए । आफु आस्थावान पार्टी सरकारमा भएको वेला सरकारले गरेका नराम्रा निर्णयको पनि बचाउ गर्ने देशको लोकतन्त्र जाहानिया बाँकी ६ पृष्ठमा

## बागमतीमा ६ मन्त्रीले लिए शपथ

बागमती प्रदेशमा थप ६ मन्त्रीले शपथ लिएका छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेलको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले नवनियुक्त मन्त्रीहरुलाई शपथ ग्रहण गराएका हुन् ।

नेकपा (एकीकृत समाजवादी) का डा राजेन्द्रमान श्रेष्ठले कृषि तथा पशुपक्षी र लक्ष्मण लम्सालले श्रम, रोजगार तथा यातायातमन्त्रीका रुपमा शपथ लिएका



छन् । यस्तै नेपाली कांग्रेसका पुकार महर्जनले पर्यटन, उद्योग तथा सहकारी, मसिना खड्काले वन तथा वातावरण, उत्तम जोशीले स्वास्थ्य मन्त्री र विनाविभागीय मन्त्रीका रुपमा रामकृष्ण चित्रकारले शपथ लिएका छन् । यसअघि नेकपा ( माओवादी केन्द्र) का युवराज दुलालले भौतिक पूर्वाधार विकास, कुमारी मोक्तानले सामाजिक विकास र गङ्गानारायण श्रेष्ठले आन्तरिक मामिला तथा कानुन मन्त्री नियुक्त भइसकेका छन् । यस्तै कांग्रेसका बहादुर सिं लामा आर्थिक मामिला तथा योजना र तीर्थबहादुर लामा खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री नियुक्त भएका थिए । शपथ कार्यक्रममा मुख्यमन्त्री जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री लामा, आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री दुलाल, सामाजिक विकासमन्त्री मोक्तान लगायतको उपस्थिति रहेको थियो ।

## नक्कली भूटानी शरणार्थी प्रकरण : प्रहरीले बुझायो प्रतिवेदन

काठमाडौं । जिल्ला प्रहरी परिसर काठमाडौंले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्नविरुद्धको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयलाई बुझाएको छ ।

अनुसन्धानको ५७औं दिनमा प्रहरीले आफ्नो रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको हो । नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले ठगी, सङ्गठित अपराध तथा राज्यविरुद्धको अपराधमा मुद्दा चलाउने रायसहितको प्रतिवेदन बुझाएको जानकारी दिए ।

उनले सरकारी वकिलको कार्यालयले प्रतिवेदनमा थपघट पनि गर्न सक्ने बताए । उनका अनुसार सम्पत्ति शुद्धीकरण तथा अख्तियार दुरुपयोग अनुसन्धानको पाटो बाँकी नै रहने र त्यसतर्फ पनि मुद्दा आकर्षित हुनसक्ने उल्लेख गरे ।

उक्त प्रकरणमा पूर्वउपप्रधानमन्त्री, गृहमन्त्रीलगायतका १६ जना पक्राउ परेका छन् । उनले थप १६-१७ जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउने राय पनि दिइएको जानकारी दिए ।

प्रहरीले बुझाएको अनुसन्धान प्रतिवेदन हेरेर अभियोजनको पाटो अघि बढ्ने जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख अच्युतमणि नेउपानेले जानकारी दिए ।

शरणार्थी प्रकरणमा एक सय १३ जना पीडितले रु २७ करोड बढी ठगी भएको भनी उजुरी दिएका छन् । उक्त घटनामा तत्कालीन गृहमन्त्री बालकृष्ण खाण, नेकपा (एमाले)का निलम्बित सचिव एवं पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का सुरक्षा सल्लाहकार डा ईन्द्रजित राई, हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाणका स्वकीय नरेन्द्र केसी, टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझीसहित गिरोहका सदस्यहरु केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टङ्क गुरुङ, गोविन्द चौधरी र रामशरण केसी पक्राउ परेका छन् ।


सो प्रकरणमा आरोपित पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक थापा, इन्द्रजित राईका छोरा नीरज राईसहितका व्यक्तिहरु फरार छन् ।

## नेपालको सार्वजनिक ऋण साढे २१ खर्ब

काठमाडौं । नेपालको सार्वजनिक ऋण साढे २१ खर्ब भन्दा माथि पुगेको छ । अर्थ मन्त्रालय मातहतको सार्वजनिक व्यवस्थापन कार्यालयको तथ्यांक अनुसार चालु आर्थिक वर्ष (आव) २०७९/८० को १० महिना (साउन-वैशाख) सम्मको आंकडामा सार्वजनिक ऋण २१ खर्ब ५४ अर्ब १२ करोड रुपैयाँ पुगेको छ । जसमा आन्तरिक ऋणले बाह्य ऋणलाई उछिनेको छ । तथ्यांक अनुसार नेपालले तिर्न बाँकी ऋणमध्ये आन्तरिक ऋण १० खर्ब ८३ अर्ब ४७ करोड पुगेको छ । बाह्य ऋण १० खर्ब ७० अर्ब ६४ करोड रुपैयाँ रहेको छ । चालु आर्थिक वर्ष सुरु हुनु अगाडि अर्थात असार २०७९ मा सार्वजनिक ऋण २० खर्ब १३ अर्ब २९ करोड रुपैयाँ रहेको थियो । वैशाख मसान्तसम्म सरकारले २ खर्ब ३० अर्ब २४ करोड रुपैयाँ सार्वजनिक ऋण लिएको छ । यसै अवधिमा ८९ अर्ब ४१ करोड रुपैयाँ सावाँ भुक्तानी भएको छ । यस अनुसार १० महिनामा खुद सार्वजनिक ऋण भने १ खर्ब ४० अर्ब ८३ करोड रुपैयाँले वृद्धि भएको छ ।

वैशाखसम्म ७० अर्ब बाह्य ऋण

कार्यालयका अनुसार नेपालले १० महिनाको अवधिमा आन्तरिक ऋण १ खर्ब ५९ अर्ब ५० करोड रुपैयाँ लिएको छ । नेपालले चालु आर्थिक बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### आत्मदाह जस्ता घटना घट्न नदिऊ

नेपालमा पछिल्लो समय आत्मदाहका घटना हुन थालेका छन् । नेपालमा यस्ता घटना हुने गरेका थिएनन् । तर अचेल आत्मदाहका घटना पनि हुन थालेका छन् । यो नेपाल देशको लागि निक्कै चुनौतीको विषय हो । मानिसहरुमा बढ्दै गएको निरासा र समाजको चरित्रले पनि समाजमा रहेका मानिसहरुका असर पर्न सक्छ ।

नेपालमा रोजगार नहुदा पारिवारबाट टाढा गएर काम गरी ल्याएर परिवार पाल्नुपर्ने समस्या एकातिर छ । त्यही परिवारमा अनुभवि भएका अभिभावक नहुदा प्राप्त गर्नुपर्ने ज्ञानहरु पछिल्लो पुस्ताले नपाउने र त्यसको असर पछि गएर अनेक खालका निरासाहरुमा ब्यक्त हुने गरेका छन् । अर्कोतर्फ देशमा अवसरहरु सृर्जना नहुदा र दैनिक रुपमा उपभोग गर्ने बस्तु सामग्रीहरुको मुल्य बढ्दै जाने आम्दानीको स्रोत नबढ्ने जस्ता आर्थिक, मानसिक चरम अभाव र त्यही अभावको बेला समाजले गर्ने गरेको ब्यवहारबाट मानिस आजित हुने मनोविज्ञान कमजोर भएका मानिसहरुले आत्महत्या गर्दै आएका थिए ।

तर आत्मदाह जस्ता डरलाग्दा विदारक निर्णय लिने जस्ता घटना घटेका थिएनन् । नेपालमा विचौलियाहरुले काम गर्न नदिएको हजारौं प्रयासहरु असफल बनाएको, भनेर युवा ब्यवसायी प्रेम आचार्यले आत्मदाह गरेको विषयले देशमा ठुलो चुनौति थपिएको छ । त्यो घटना पछि आत्मदाहका घटना घटन नदिन सम्बन्धित निकायले प्र्यास गर्नुपर्थ्यो गरेको पनि होला । तर एक पछि अर्को गर्दै घटनाहरु घटिरहेका छन् ।

त्यो धेरै संख्यामा नभएको भएपनि छिट्फुट्ट आत्मदाहका घटना हुन थालेका छन् । यसरी छिट्फुट घटना हुन भनेर चिन्ता नगरी र यो चुनौतीलाई रोक्न प्र्यास नगर्ने हो भने भोलिका दिनमा यसको असर निक्कै ठुलो हुन सक्ने सम्भावना रहेको छ ।

त्यससैले यस्ता घटना हुन नदिन समयमा नै सम्वन्धित निकायहरुले र स्वय समाजमा बसोबास गरिरहेका मानिस जो घर परिवारको अभिभावक छ । कोही अभिभावक भएपनि निरासा हुने जस्ता एक्लो भएर बस्ने जस्ता समस्या देखिएका वा समाजमा रहेका जो कोही मानिस त्यसरी एक्लो भएर बसेका पाइएमा उसको समस्या सावधान गर्न तर्फ लाग्नुपर्छ । अरु केही समस्या सावधान गर्न नसकेपनि सान्त्वना पनि महत्वपुर्ण हुन्छ । त्यस्ता मानिसहरुलाई उत्साहित पार्ने खालका कुराहरु गरेर पनि प्रोत्साहन गर्न सकिन्छ ।

आत्महत्या र आत्मदाह गर्ने घटनालाई रोक्न सामाजिक बनोटको रुप रेखा नै परिवार्तन गर्नु परेपनि गरेर मानिसहरुमा बढ्दै गएको निरासालाई घटाएर आत्महत्या जस्त घटनाहरु घटन दिनुहुदैन । मानिस भएर पृथ्विमा जन्म लिएपछि मानिसको रक्षा पहिलो प्रथामिकता हो ।

# अर्थतन्त्रमा समस्या र नीति तथा कार्यक्रम

**शंकरमान सिंह**

सरकारले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम हालै प्रस्तुत गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले यही जेठ ५ गते प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । ठूला राजनीतिक दलहरूप्रति नागरिकको भरोसा टुट्दै गएको हो कि भन्ने छाप जनमानसमा पर्न गएको छ । देश चरम आर्थिक संकटमा छ । यस्तो परिस्थितिमा सरकार आगामी वर्षको नीति तथा कार्यक्रम सार्वजनिक र बजेट निर्माणको तयारीमा छ । यसले आममानिसमा समस्याको समाधान गर्न सकिन्छ भन्ने विश्वास जगाउनुपर्ने कटु वास्तविकता छ । अर्थतन्त्र मन्दीमा रहेका बेला सरकारले दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने गरी आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट ल्याउन सोहीबमोजिम नीति तथा कार्यक्रम सार्वजनिक भएको छ ।

संसद्मा सरकारको २०८०/८१ को सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्दै राष्ट्रपतिले अर्थतन्त्रमा सुधार देखिएको भन्दै ब्याजदरमा सुधार आएको र लगानीको वातावरण तयार हुँदै गएको बताएका छन् । निजी क्षेत्रको बलियो साझेदारीबाट उत्पादकत्व वृद्धि गर्ने सरकारको योजना रहेको समेत बताए । राजस्व प्रशासनलाई चुस्त बनाउँदै राजस्वको दायरा फराकिलो बनाइने बताए । आर्थिक प्रशासनलाई थप पारदर्शी बनाउँदै सरकारी खर्चलाई मितव्ययी बनाइने बताए । विद्युतीय खरिद प्रणालीलाई क्रमशः अनिवार्य बनाइँदै लगिने समेत बताएका छन् ।

बैंक तथा वित्तीय संस्थाका बचतकर्ताको हित संरक्षण गर्दै ऋण लगानी उत्पादनमूलक क्षेत्रमा गरिने व्यवस्था मिलाइने बताए । राष्ट्रिय सहकारी नीतिमा परिमार्जन गरिने भएको छ । पुँजीबजारको विकास र विस्तारका लागि संरचनागत सुधार गरिने भएको छ । गैरआवासीय नेपालीलाई पुँजीबजारमा खुला गरिने बताए । देशभर बिमाको पहुँच विस्तार गरिने, लघुबिमा गर्न सहजीकरण गर्ने बताए ।१६ औं आवधिक योजना तर्जुमा गरिने बताए ।

सरकारले आफूलाई लोकप्रिय देखाउने एउटा अवसर बजेट हो भने अर्को अवसर त्यसको कार्यान्वयन पक्ष हो । मुलुक लोककल्याणकारी राज्य हो । झन्डै तीन दशकदेखि कार्यान्वयनमा रहेको सामाजिक सुरक्षा भत्ता व्यवस्थामा रकम थप गर्ने र उमेर हद कम गर्नेबाहेक यसलाई थप प्रभावकारी बनाउन अन्य उपाय अवलम्बन नगरिएका कारण थप व्ययभार बढेको छ । तर, राज्य यो जिम्मेवारीबाट उम्कन मिल्दैन । यो व्यवस्थालाई प्रगतिशील बनाऊँ ।

भनिन्छ, यस बजेटमार्फत सरकारले करोडको गाडी चढेर हजारको सामाजिक सुरक्षा भत्ता थाप्न जाने व्यवस्थाको समुल निर्मूल हुनुपर्छ । विपन्न, अशक्त र दुर्गम क्षेत्रमा बसोबास गर्नेहरूलाई प्राथमिकता दिई आवश्यकतामा आधारित सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्छ । हालै, चालू आर्थिक वर्ष २०७९/८० मा २.१६ प्रतिशत मात्रै आर्थिक वृद्धि हासिल हुने प्रक्षेपण राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ । ८ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको सरकार अहिले आर्थिक गतिविधि सुस्ताएर राजस्व कम उठेका कारण सरकारी खर्च नियन्त्रणको दबाबमा छ । यस्तो अवस्थामा सरकारले आगामी वर्षमा आर्थिक गतिविधि चलायमान गराउँदै फराकिलो र दिगो आर्थिक वृद्धि हासिल गर्ने गरी बजेट ल्याउने बताएको छ । केही व्यक्तिको मतअनुसार सामाजिक सुरक्षा भत्तालाई नागरिकप्रतिको सम्मानका दृष्टिले हेर्ने हो भने पनि सबैलाई प्रतिमहिना २ हजार रुपैयाँ दिऊँ र उच्च वर्गबाट कटौती गरिएको २ हजार विपन्नहरूलाई थपिदिऔं । यसो गर्दा राज्यकोषमा थपभार पनि पर्दैन । नीतिमा अनलाइनबाट भुक्तानी गर्ने भनिएको छ ।

#### भ्रष्टाचार नियन्त्रण

राष्ट्रपतिले वर्तमान सरकार गठन भएपछि भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी रूपमा काम थालेको बताएका छन् । उनले भ्रष्टाचार नियन्त्रणको प्रयासले नागरिकको भरोसा बढेको उनले बताए । उनले विधिको शासनसँगै लोकतन्त्रको भावना बढेको समेत बताए । भ्रष्टाचार नियन्त्रणमा सरकार र नागरिक एकै ठाउँमा उभिएको बताउँदै उनले यसलाई अझै विश्वसनीय बनाएर भ्रष्टाचार नियन्त्रणमा लाग्ने विश्वास व्यक्त गरेका छन् । सरकारले लिएका नीति कार्यान्वयनका लागि सुशासन प्रवर्द्धन र सेवा प्रवाह सुधार गर्ने तथा सेवाप्रवाहमा सुधारका लागि राज्य संयन्त्रको क्षमता बढाइने पनि सिद्धान्त र प्राथमिकतामा उल्लेख छ । नक्कली भुटानी शरणार्थी प्रकरणको छानबिनमार्फत सरकारले आर्जन गरेको नागरिक विश्वास गुम्न नदिन विगतमा अनियमितताको आशंका गरिएका सबै काण्डको निर्ममतापूर्वक अनुसन्धान गर्न जरुरी छ ।

#### संघीयता पुनर्संरचना

वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन गरिने भन्दै उनले आन्तरिक ऋणको सीमालाई बढी यथार्थपरक बनाइने बताए । तीनै तहका सरकारको कार्यक्रमलाई सामञ्जस्यता मिलाएर लगिने बताए । उनले बजारमा तरलता समस्याको अवस्था आउन नदिने बताए । संविधानमा गरिएको व्यवस्थाअनुसार संघीयतालाई संस्थागत गर्न, आर्थिक विकास र समृद्धिको एजेन्डालाई अगाडि बढाउनैपर्ने स्थिति छ । ऊर्ध्व तथा पार्श्व सम्बन्ध भएका परियोजनाहरूको पहिचान गरी लगानी गरिनु पनि आवश्यक र अनिवार्य भइसकेको छ ।

धेरै आलोचना भई कार्य देखिन नसकेका जिल्ला समन्वय समिति र प्रादेशिक संरचनाहरूले आफ्नो औचित्य पुष्टि गर्न नसकेको यथार्थलाई समयमै स्वीकार गरी केन्द्र र शक्तिशाली स्थानीय सरकार रहने गरी संघीयता पुनर्संरचनाको खाका प्रस्तुत गर्न संघीयता पुनर्संरचना आयोग गठन गर्न अब ढिला गर्नु हुँदैन । त्यसैगरी यसअघि खनाल आयोगले दिएको प्रतिवेदन अनुसार अनावश्यक सरकारी निकायहरू अविलम्ब खारेज, समागम र आधुनिकीकरण गर्ने यो उपयुक्त वर्ष हो ।

#### सेवा उद्योग

व्यावसायिक सेवाहरू एमएसएमई र स्टार्टअपहरूका लागि, जसको व्यवसायले यी उद्योगहरूलाई प्रवर्द्धन गर्न व्यापार सेवा वा अन्य सेवाहरू खरिद गर्दा त्यस्ता करहरूको प्रत्यक्ष लाभ भुक्तान गर्न अनुमति दिनुपर्छ, जसले गर्दा लागत कम हुनेछ, यसै सन्दर्भमा व्यवसाय स्थापना गर्न चाहने युवाहरूलाई सीप, प्रविधि र स्टार्ट अप पुँजी उपलब्ध गराउने तथा निजी क्षेत्रका रुग्ण व्यवसाय पुनर्स्थापनाका लागि आवश्यक सहयोग गर्न व्यवसायीहरूले तिरेको करको निश्चित प्रतिशत रकम जम्मा गरी प्रभावकारी र कार्य गर्न सक्ने 'व्यवसाय पुनर्स्थापना कोष' स्थापना गर्नु समयसापेक्ष कदम हुनेछ ।

लघुवित्त वित्तीय संस्थाहरूलाई व्यवस्थित गर्न प्रभावकारी नियमन र सुपरिवेक्षण गरिने बताएका छन् । राष्ट्रिय सहकारी नीति परिमार्जन गरिने समेत बताए । सहकारी संस्थाको अनुगमन र नियमन, संस्थागत सुशासन, प्राप्ति तथा एकीकरण, बचत तथा लगानीको सदुपयोग गर्न आवश्यक व्यवस्था मिलाइने उनको भनाइ छ । साथै सहकारी क्षेत्रको पुनर्संरचनासहित बचत तथा ऋण सहकारीलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित हुने व्यवस्था गरिने पनि उनले बताए ।

उनले वैदेशिक रोजगारीमा गएका नेपालीहरूका लागि सरकारी ऋणपत्रका साथै निजी क्षेत्रको आइपिओमा लगानी गरिने बताए । गैरआवासीय नेपालीको लगानीलाई मुलुकको विकास र समृद्धिसँग जोड्न विशेष आयोजना सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारको नीति तथा कार्यक्रम गन्तव्य नभएको टिप्पणी गर्ने गरेको पनि विगत छ । यो वर्षको नीति तथा कार्यक्रम गठबन्धन सरकारले प्रस्तुत गरेको हुँदा यसमा शंका गर्ने ठाउँ नहोस् ।

प्रतिनिधिसभाको बैठकमा सरकारको आगामी वर्षको नीति गुजुल्टिएको हो कि भन्नेहरू पनि छन् । केही व्यक्तिले यो पुरानै कार्यक्रमहरूको निरन्तरता रहेको बताएका छन् । नीति तथा कार्यक्रममा गैरजिम्मेवार र अनुत्तरदायीपन देखिने गन्ध आउनु हुँदैन । यो नीति तथा कार्यक्रमका नाममा आएको दस्तावेज देशमा स्थिरता र स्थायित्वको संवाहक हुनुपर्छ ।

सरकारले लिएका नीति कार्यान्वयनका लागि सुशासन प्रवर्द्धन र सेवाप्रवाह सुधार गर्ने तथा सेवाप्रवाहमा सुधारका लागि राज्यसंयन्त्रको क्षमता बढाइने पनि सिद्धान्त र प्राथमिकतामा उल्लेख छ । अन्तर्राष्ट्रिय मुद्राकोषले सार्वजनिक गरेको विज्ञप्तिमा नेपालमा चुनौतीपूर्ण विश्वव्यापी अर्थतन्त्रका बाबजुद कर्जाले नेपालको आर्थिक अवस्थालाई सन्तुलित राख्न मद्दत गरेको उल्लेख छ । समष्टिगत आर्थिक र वित्तीय स्थायित्वको संरक्षण र दिगो विकासलाई सहायता पुर्याउने हिसाबले नेपाल राष्ट्र बैंकले काम गरेको विज्ञप्तिमा उल्लेख छ । नेपाल सरकारले मुलुकको आर्थिक वृद्धिदर ८ प्रतिशतको हासिल गर्ने प्रक्षेपण गरेको छ । तर, आईएमएफले भने वृद्धिदर ४.४ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ ।

देशभर बिमाको पहुँच विस्तार गरिने भएको छ । न्यून आय भएका वर्गलाई स्थानीय तहमार्फत लघु बिमा गर्न सहजीकरण गरिनेछ । कृषि, बाली तथा पशुपन्छी व्यवसायलाई समेट्ने गरी कृषि बिमाको दायरा विस्तार गर्दै लगिने नीति तथा कार्यक्रममा उल्लेख छ । नेपाल सरकारले कृषि, उद्योग, शिक्षा तथा भौतिक पूर्वाधार र ठूला रणनीतिक महत्वका आयोजनालाई प्राथमिकतामा राखेको छ ।

कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर बनाइने र खाद्य सुरक्षाको प्रत्याभूति र भू(उपयोग नीतिको प्रभावकारी कार्यान्वयन सरकारको प्राथमिकता रहनु जरुरी छ । औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई वैदेशिक निर्भरता कम गर्ने; उद्यमशीलतालाई प्राथमिकता र स्टार्टअपलाई प्रोत्साहन गर्ने; कृषि, सूचना प्रविधि, जलविद्युत्लगायतका तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता उच्च भएका वस्तु र सेवाको विकास र निर्यातलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

नीति तथा कार्यक्रममा २०८३ सम्म काठमाडौं(तराई/मधेस द्रुतमार्ग आयोजना पूरा गर्ने नीति लिइएको छ । बाढीले क्षति पुऱ्याएका सडक पुनर्स्थापना प्राथमिकतामा राखिएको छ । सरकारले नीति तथा कार्यक्रमामार्फत तीन वर्षमा सबै स्थानीय तहलाई सम्बन्धित प्रदेश केन्द्रको राजमार्गसँग जोड्ने भएको छ ।

छिमेकी मुलुकको तुलनामा नेपालमा निर्यात नगद अनुदान कम छ । यस सन्दर्भमा मूल्य अभिवृद्धिमा आधारित निर्यातमा नगद अनुदान कायम गर्ने सुझावको प्रभावकारी कार्यान्वयन आवश्यक र अपरिहार्य छ । लक्षित आर्थिक वृद्धिदर हासिल गर्न बजेट पर्याप्त नभएकाले कानुनका अन्य पक्षलगायत शासन व्यवस्थामा आमूल परिवर्तन गर्न आवश्यक छ ।

उच्च र विश्वव्यापी सम्बन्ध भएका आयोजनाहरू पहिचान गरी लगानी गर्न पनि आवश्यक र अपरिहार्य भइसकेको छ । यसको अगाडि भौतिक पूर्वाधार योजना र परियोजनाहरू छन् । ठूला र साना जलविद्युत् आयोजनालाई दोस्रो स्थानमा राख्न जरुरी छ । 'हाम्रो उत्पादन हाम्रो स्वाभिमान अभियान' अन्तर्गत स्वदेशी उत्पादन प्रवर्द्धन गर्ने कार्यक्रम रिब्रान्डिङ गरेर राखिएको भनिन्छ । कृषि, प्राकृतिक स्रोत ज्ञान र उच्च प्रविधिमा आधारित उद्योगको विकास गर्न औद्योगिक वातावरण निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । स्टार्टअपमा आधारित उद्यम व्यवसायलाई प्रोत्साहन गरिने कार्यक्रममा छ ।

औद्योगिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउनका लागि विदेशस्थित कूटनीतिक सक्रियता बढाइनेछ । लामो समयदेखि बन्द रहेका उद्योगहरू सञ्चालन, खारेजी, एकीकरणमा आवश्यक व्यवस्थापनको विषयमा अध्ययन गर्न उच्चस्तरीय समिति बनाइनेछ । हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग, बुटवल धागो उद्योगलाई पुनः सञ्चालनमा ल्याइने कार्यक्रममा उल्लेख छ ।

गत वर्षसम्म सरकारले वैकल्पिक कर योजनाहरू ल्याएको थियो, जसमा कम कर दर र लाभांश वितरण कर तथा अन्य धेरै सुविधा समावेश थिए । एमएसएमईहरूलाई सब्सिडीहरू उपलब्ध गराउनुपर्छ ताकि तिनीहरूले राम्रो फल फलाउन सकून् । पुँजीबजारमा गैरआवासीय नेपालीका लागि लगानी खुला गरिने बताएका छन् ।

सरकारको नीति तथा कार्यक्रममा लिजमा दिइएको सरकारी जग्गा उद्देश्यअनुसार प्रयोग भए/नभएको अनुगमन गरिने उल्लेख छ । उद्योगलाई उपलब्ध गराइने जग्गाको हदबन्दी पुनरावलोकन गरिनेछ । विपन्न परिवारका लागि वडास्तरमा सहुलियत पसल स्थापना गरिनेछ । लगानीयोग्य पुँजी अभावमा उद्यमशिलता नरोकिने गरी नीति तर्जुमा गरिनेछ ।

औद्योगिक क्षेत्रमा विदेशी लगानी भित्र्याउन विदेशस्थित कूटनीतिक नियोगलाई प्रयोग गरिने उनले बताए । हेटौंडा कपडा उद्योग, गोरखकाली रवर उद्योगलाई पुनः सञ्चालनमा ल्याइने उनले बताए । उद्योगलाई सस्तो बिजुली उपलब्ध गराइने समेत बताए ।

वैदेशिक रोजगारीमा गएका नेपालीहरूका लागि सरकारी ऋणपत्रका साथै निजी क्षेत्रको आइपिओमा लगानीलाई प्रोत्साहित गरिने बताए । गैरआवासीय नेपालीको लगानीलाई मुलुकको विकास र समृद्धिसँग जोड्ने विशेष आयोजना सञ्चालन गरिने बताए । गैरआवासीय नेपालीलाई पुँजीबजारमा भित्र्याउने भन्ने पछिल्ला हरेक वर्षको नीति तथा कार्यक्रममा उल्लेख हुन्छ, तर अहिलेसम्म पनि त्यसका लागि आवश्यक पूर्वाधार भने तयार पारिएको छैन ।

साथै पूर्वतयारी भएका आयोजनालाई मात्रै बजेट दिइने बताए । पूर्वतयारी नै नगरी बजेट छुट्याउने चलन रहिआएकोमा यसबाट ठेक्का निकालिहाल्ने र तयारी काम नहुँदा आयोजनाहरू वर्षौंसम्म अलपत्र हुने गरेका छन् । विकास आयोजनाहरू निर्धारित समय र गुणस्तरीयता कायम गरी सम्पन्न गरिने बताए । उनले राष्ट्रिय गौरवका र रूपान्तरणकारी आयोजनालाई प्राथमिकतामा राखिएको बताए ।

बाँकी ६ पृष्ठमा

# सीमा सुशासन : औचित्य र आवश्यकता

युकेश उप्रेती

इतिहासलाई फर्केर हेर्दा आफ्नो देशको सीमारक्षा तथा विस्तार गर्न धेरै युद्ध भएका छन् । सन् १६४८ मा जर्मनीको वेस्टफेलिया भन्ने ठाउँ भएको शान्ति सन्धिले युरोपमा लामो समयको द्वन्द्वलाई विस्थापित गर्दै राज्यबीचको सार्वभौमसत्ता तथा स्वत्रन्त्रता स्वीकार गर्न सीमा व्यवस्थापनलाई उजागर गरेको पाइन्छ । सो सन्धिपश्चात् एक स्वत्रन्त्र तथा सार्वभौम मुलुकबीच आपसी सम्बन्ध मजबुत पार्न अन्तर्राष्ट्रिय सीमाना व्यस्थापन गरिँदै आएको छ । कुनै पनि देशले अन्तर्राष्ट्रिय सिमाना व्यवस्थापन गर्न असमर्थ हुँदा ठूला-ठूला युद्धको चपेटामा समेत पर्नुपरेको छ । यसको ज्वलन्त उदाहरणका लागि हाम्रा छिमेकी देशलाई लिन सकिन्छ ।

सन् १९४७ मा ब्रिटिसबाट स्वतन्त्र भएको हाम्रो छिमेकी देश भारत र सन् १९४९ मा जन क्रान्तिबाट स्थापित हाम्रो अर्को छिमेकी देश चीनले सन् १९६२ मा विशाल युद्धको सामना गर्नुपरेको थियो । स्थापना भएको करिब १५ वर्षको अवधिमा आमने-सामने हुँदा दुवै देशले ठूलो जनधनको नोक्सानी बेहोर्नुपरेको थियो । युद्ध हुनुको मुख्य कारणमा दुई देशबीच अव्यवस्थित सीमा व्यस्थापन रहेको थियो । सन् २०१४ मा ब्रिट्रिस-इन्डिया र तिब्बत सरकारबीच भारतको सिम्लामा भएको सम्झौताअनुसार सीमा निर्धारण भएको थियो । यो सम्झौतालाई चीन सरकारले हालसम्म पनि मान्यता दिएको छैन ।

तत्कालीन भारतीय प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूले चीनसँगको अव्यवस्थित सीमा सम्झौताको कारण जुनसुकै बेला पनि युद्धको खतरा औंल्याएर उत्तर-पूर्व सीमा सवलीकरण नीति अगाडि सारेका थिए । फलस्वरूप भारत सरकारले सीमावर्ती क्षेत्रमा बसोबास गर्ने समुदायप्रति लक्षित गरेर सो क्षेत्रमा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र मनोभावनात्क पुनः उत्थान गर्दै राष्ट्र भाव उत्प्रेत गर्ने उद्देश्यले सन् १९५४ मा इन्डियन फ्रन्टियर एडमिनिस्ट्रेटिभ सर्भिस गठन गरिएको थियो । सो सेवा समूहमा भारतीय सेना, परराष्ट्र सेवा, प्रशासनिक सेवा र भारतीय प्रहरी सेवाका योग्य र तालिम प्राप्त अधिकृतलाई प्रतिनियुक्ति गरी परिचालन गरिएको थियो ।

सो सेवा समूहले दुर्गम सीमावर्ती क्षेत्रमा प्रशासनिक इकाई गठन, पूर्वाधार विकास, निःशुल्क स्वास्थ सेवा, भाषा प्रशिक्षणलगायतका गतिविधि सञ्चालन गरेर सीमावर्ती क्षेत्रमा बसोबास गर्ने अल्पसंख्यक बासिन्दाको मन र मस्तिष्कमा केन्द्र सरकारप्रतिको विश्वास प्रगाढ पार्दै राष्ट्रियताको भावना जागृत भएको थियो । करिब १४ वर्ष सञ्चालन भएर सन् १९६८ मा विघटन भएको इन्डियन फ्रन्टियर एडमिनिस्ट्रेटिभ सर्भिसले भारत र चीनबीच सन् १९६२ मा भएको युद्धलाई रोक्न महत्वपूर्ण योगदान रहेको थियो ।

युद्धको समयमा सीमावर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाले भारतीय सुरक्षाकर्मीलाई खबर आदानप्रदान, बन्दोबस्ती व्यवस्थापन लगायतका सहयोग गरेका थिए । स्थानीय बासिन्दको मद्दतले भारतीय सुरक्षाफौजले चिनियाँ हमलालाई प्रतिरोध गरेको इन्डियन फ्रन्टियर एडमिनिस्ट्रेटिभ सर्भिसको उद्देश्य रणनीतिक भएता पनि यसले प्रवाह गरेको सेवा कल्याणकारी र जनहित भएको र राष्ट्रियताको प्रतिरक्षालाई मजबुत पारेको ठहर गरी हालका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस सेवालाई सीमा विकास सेवा वा सीमा सुशासन विभाग नामाकरण गरी पुनः सञ्चालन गर्ने तयारी गरिरहेका छन् ।

सीमाक्षेत्र सुशासन

कुनै पनि देशको राष्ट्रिय सुरक्षा, अर्थतन्त्र, कुटनीतिक सम्बन्ध, अन्तर्राष्ट्रिय व्यापार, भैतिक-पूर्वाधार तथा नागरिकको स्वास्थ्यको क्षेत्रमा बृहत्तर प्रगति गर्ने उद्देश्यले सीमावर्ती क्षेत्रमा प्रशासनिक संयन्त्रको समन्वयात्मक परिचालन गर्दै कानुनी शासनको स्थापना गर्ने कार्यलाई सीमा सुशासन भनिन्छ । विभिन्न मुलुकको प्रशासनिक अभ्यासलाई हेर्दा सीमावर्ती क्षेत्रमा सुशासन कायम गर्ने हेतुले छुट्टै सेवा समूह गठन गरेको देखिँदैन । दोस्रो विश्व युद्धपश्चात् विभिन्न मुलुकले आफ्नो सीमा सुरक्षार्थ अर्धसैनिक बल परिचालन गर्दै आएको पाइन्छ ।

त्यसको साथै सीमावर्ती बिन्दुबाट ओहोर-दोहोर गर्न, व्यापार व्यवसाय सञ्चालन गर्न, राजस्व संकलन गर्न भन्सार, अध्यागमन तथा क्वारेन्टाइन कार्यालय परिचालन हुँदै आएका छन् । सबै निकाय राज्यप्रदत्त जिम्मेवारी निर्वाह गर्दै आइरहेको सन्दर्भमा राज्यका दुर्गम तथा भैगोलिक विकट सीमा क्षेत्रहरू उपेक्षित देखिन्छन् ।

राष्ट्रियस्तरमा हामी एक-ढिक्का भयौं भने असल कूटनीतिका माध्यमबाट हाम्रा पुराना सन्धिसम्झौता परिमार्जन गर्न सक्छौं

सीमा क्षेत्रको सर्वांगीण विकास, सो क्षेत्रमा बसोबास गर्ने बासिन्दाको क्षमता अभिवृद्धि, सेवा-सुविधामा पहुँच, संरचनात्मक सुधार तथा राष्ट्रियताको भावना उजागर गर्ने हेतुले छुट्टै सेवा गठन भएको अभ्यास ज्यादै कम भए तापनि सन् २००६ मा विभिन्न अन्तर्राष्ट्रिय निकायको पहलमा युरोपियन युनियन मुलुकद्वारा समन्वयात्मक सीमा व्यवस्थापन लागू गरेर सीमा क्षेत्रमा सुशासनको थालनी गरेको पाइन्छ ।

यो अभ्यासबाट युरोपेली मुलुकले व्यापार व्यवसाय तथा पर्यटकीय क्षेत्रमा व्यापक सुधार आएको छ । एसियाली मुलुकले पनि सीमा क्षेत्रको विकास तथा समृद्धि गर्ने हेतुले सीमा क्षेत्र विकास योजना लागू गरी कार्य सम्पादन गरेको पाइन्छ । सन् २०१६मा नेपाल सरकारद्वारा मध्यतराईका आठवटा जिल्लामा सीमा क्षेत्र विकास योजना लागू गरी सो क्षेत्रको पूर्वाधार विकास, कृषि उत्पादन वृद्धि, प्राथमिक स्वस्थ्य सुधार, क्षमता अभिवृद्धि गर्दै राष्ट्रिय सुरक्षा मजबुत गर्ने उद्देश्यले पाँच वर्षीय योजनाअन्तर्गत सञ्चालनमा ल्याइएको थियो ।

नेपालमा औचित्य र आवश्यकता

इतिहासको कालखण्डमा नेपालको सीमाना धेरैचोटी परिवर्तन भएको पाइन्छ । आजभन्दा २०८ वर्ष अगाडि ब्रिटिस इन्डिया र ६२ वर्ष अगाडि चीनसँग भएको सन्धि नै हाम्रो सीमाना क्षेत्र निर्धारणको प्रमुख मार्गदर्शक हुन् । सुगौली सन्धिपश्चात् नेपालका तत्कालीन प्रशासक तथा सुरक्षा विज्ञले बाहिरी हमलाको सम्भावना कम रहेको औंल्याउँदै सीमा क्षेत्रको सुरक्षामा अत्यन्तै कम चासो दिए । फलस्वरूप सीमा क्षेत्रमा भारतीय डाँकाको आक्रमण, जंगली जनावरको आक्रमण, दैवी प्रकोप र अतिक्रमणको चपेटामा परेर सुरक्षित रहन सकेन ।

सीमा व्यवस्थापनलाई चुस्तदुरूस्त बनाउन सन् १९५० को नेपाल-भारत मैत्रिसन्धि ७३ वर्षसम्म पनि समयसापेक्ष संशोधन हुन सकेको छैन । सीमा निर्धारण भएको करिब १९१ वर्षपछि सीमा सुरक्षार्थ २०६३ सालमा सशस्त्र प्रहरी बललाई जिम्मेवारी दिइएको थियो । हाल भन्सार कार्यालय, क्वारेन्टाइन कार्यालय, अध्यागमन कार्यालय, प्रहरी कार्यालय राज्य प्रदत्त जिम्मेवारी निर्वाह गरेको पाइन्छ । २०७७ सालमा नेपाल सरकारद्वारा नयाँ भूभागसहितको नक्सा जारी गरेर सीमा व्यवस्थापनप्रति गहिरो चासोका रूपमा लिएको देखिए तापनि हालसम्म पनि सीमावर्ती क्षेत्र अस्तव्यस्त, प्रदूषित, विरुप तथा खतरायुक्त छन् ।

सो क्षेत्रमा कार्यरत निकाय आआफ्नै जिम्मेवारीमा कर्तव्यरत रहँदा समेत सीमा क्षेत्र व्यवस्थित भएको पाइँदैन । हालसम्म पनि सीमा अतिक्रमण, सीमा स्तम्भ गायब, सीमावार पार गर्दा हैरानी, अवैध चोरी-निकासी, तस्करी, झैझगडा, मानव तस्करीजस्ता दण्डनीय कार्य विद्यमान रहेका छन् । यसका साथै सीमा क्षेत्रको सामाजिक-आर्थिक रूपान्तरणका कार्यक्रम सञ्चालन हुन नसक्नुले सो क्षेत्रका बासिन्दा केन्द्र सरकारबाट उपेक्षित भएको महसुस गर्छन् ।

सीमा सुशासनको महत्वपूर्ण तत्वअन्तर्गत समन्वयात्मक सीमा व्यवस्थापन, सीमा सुशासन कानुन, नीतिगत तथा संस्थागत संरचना, सौहार्दपूर्ण नागरिक सम्बन्ध र प्रविधिमैत्रीको अभाव देखिन्छ । यी सम्पूर्ण तथ्यको अध्ययन मनन गर्दा नेपालको राष्ट्रियता, प्रदेशिक अखण्डता, राष्ट्रिय सुरक्षा तथा राष्ट्रिय अर्थतन्त्रको जोगर्ना गर्न सीमा सुशासन महत्वपूर्ण अध्यायका रूपमा रहेको छ ।

मार्गदर्शन

पछिल्लो समय प्राज्ञिक क्षेत्रमा सीमा सुशासनको अध्ययन तथा अनुसन्धान भइरहेको देखिन्छ । विश्व मानचित्रमा बढ्दै गएको विश्वव्यापारीकरण तथा यसले विभिन्न मुलुकको सीमावर्ती क्षेत्रमा पुऱ्याएको असरस्वरूप सीमा सुशासनको अध्ययन एक महत्वपूर्ण विषय बन्न पुगेको छ । हाम्रो मुलुक भूपरिवेष्ठित तथा खुला सिमाना भएको साथै अयात तथा निर्यातमा अन्य मुलुकको भर पर्नुपरेको हुँदा सीमा क्षेत्रलाई सुशासन कायम गर्नु अत्यन्तै जरुरी छ । सीमा सुशासनको महत्वपूर्ण सिद्धान्तअनुसार कूटनीति, सुरक्षा रणनीति तथा आर्थिक-सामाजिक पुनः उत्थान रहेको छ । यी सिद्धान्तलाई प्रभाव पार्ने तत्वमा राजनीतिक प्रतिबद्धता, राष्ट्रिय नीति, राष्ट्रिय अर्थतन्त्र, सरकारी-निजी साझेदारी तथा अन्तर निकाय सहकार्य पर्दछन् ।

तसर्थ, केन्द्र सरकारबाट सीमा सुशासनको थालनी भई जिल्ला तथा सीमावर्ती क्षेत्रमा प्रभावकारिता हुँदा सुशासनले स्थान पाउँदछ । केन्द्रमा रहेका सम्पूर्ण मन्त्रालय प्रत्यक्ष वा अप्रत्यक्ष नेपालको सीमा सुशासन कायम गर्ने कार्यमा संलग्न छन् । सबै निकायको सहकार्यबाट सुशासन कायम गर्न आवश्यक नीति तथा योजना बनाउन सकिन्छ । फलसवरूप सीमा सुशासनका लागि आवश्यक ऐन, कानुन, कार्यविधि तथा निर्देशिका बनाउन मार्ग प्रशस्त हुन्छ । राष्ट्रियस्तरमा हामी एक-ढिक्का भयौ भने असल कूटनीतिको माध्यमबाट हाम्रा पुराना सन्धि-सम्झौता परिमार्जन गर्न सक्छौं जुन आजको आवश्यकता पनि हो ।

त्यस्तैगरी, सुरक्षात्मक रणनीति अवलम्बन नगरी सीमा सुशासन कायम गर्न असम्भव देखिन्छ । खुला सीमानाको बढ्दो प्रभाव र यसबाट सिर्जित सुरक्षा चुनौतीले राष्ट्रिय सुरक्षामा समेत कम्पन आएको छ । सीमा सुरक्षार्थ खटिएको सशस्त्र प्रहरी बलको जनशक्ति व्यवसथापन, सुरक्षा पोस्टको स्तर उन्नति, सुरक्षार्थ चाहिने साधानस्रोत अति आवश्यक देखिएका छन् । सीमा सुरक्षार्थ परिचालन भएको १७ वर्षसम्म पनि कार्यविधि कानुनको अभावमा अपेक्षित परिणाम दिइरहेको सशस्त्र प्रहरी बलको साहसको कदर गर्नुपर्छ । आफ्नो व्यावसायिक लक्ष्य प्राप्तिका लागि सशस्त्र प्रहरी बलले कार्यगत स्तरवृद्धिका लागि ४५ वटा सीमा सुरक्षा गुल्म र २१ वटा सीमा सुरक्षा पोस्टको स्थापना गर्दै नीतिगत सुधारका लागि सीमा स्तम्भको मर्मत संभार र पुनर्स्थापनासम्बन्धी कार्यविधि, सीमा सुरक्षा सहजीकरण समितिको कार्यविधि, बोर्डर एरिया डेभलपमेन्ट कार्यक्रम, प्रविधिमैत्री सीमा सुरक्षाको अवधारण ल्याएको छ ।

यी कानुन व्यवस्था लागू गरिएमा अन्य सुरक्षा निकाय र प्रसाशनिक निकायबीच सहकार्यको संस्कृति विकास भई सीमा सुशासनले गति लिने देखिन्छ । त्यसैगरी राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेका भन्सार तथा अध्यागमन कार्यालयको स्तरवृद्धि र विस्तार आवश्यक रहेका छन् । सीमा क्षेत्रमा बढ्दो जनसंख्या तथा बजारीकरणको फलस्वरूप खस्किँदै गएको राजस्व प्रणालीलाई सवलीकरण गर्न छोटी भन्सार कार्यालय, क्वारेन्टाइन कार्यालय र अध्यागमन कार्यालयको विस्तार अपरिहार्य रहेको छ ।

हाल भन्सार, क्वारेन्टाइन, अध्यागमन, प्रहरी कार्यालयबाट राज्य प्रदत्त जिम्मेवारी निर्वाह गरेको पाइन्छ

सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाको आर्थिक-सामाजिक पुनः उत्थानको विषय रहेको छ । रणनीतिक रूपमा सीमा क्षेत्रमा बसोबास गर्ने समुदायनै सीमा सुरक्षाको पहिलो खम्बा हुन् । औपचारिक रूपमा सीमावर्ती क्षेत्रमा बसोबास गर्ने समुदायको वास्तविक तथ्यांक उपलब्ध नभए पनि विभिन्न अनौपचारिक स्रोतद्वारा कुल जनसंख्याको करिब १५ प्रतिशत अर्थात् ४५ लाख मानिस नेपालको सीमावर्ती क्षेत्रमा बसोबास गर्दछन् । नेपाल सरकारद्वारा सीमावर्ती क्षेत्र भनी वर्गीकरण नगरेको हुँदा वास्तविक तथ्यांक उपलब्ध हुन कठिन छ । यसरी, दूरदराजमा बसोबास गर्ने व्यक्ति राज्यद्वारा प्रेषित गरेका सेवा, सुविधा र अवसरबाट समेत वञ्चित रहेका छन् । सीमा क्षेत्रमा प्रसाशनिक निकायको उपस्थित अत्यन्त कम, आधारभूत शिक्षा तथा स्वास्थ्यको कमी, अवसरको कमी, न्यून भैतिक पूर्वाधारका कारण राष्ट्रियता कमजोर हुने खतरा *बाँकी ६ पृष्ठमा*

# रामेछाप डायरी

## शारीरिक अपाङ्गता परीक्षण शिविरमा ५८ जनाले लिए सेवा

जिल्ला अस्पताल रामेछापमा भएको शारीरिक अपाङ्गता परीक्षण शिविरमा ५८ जनाले सेवा लिएका छन । बिहिबार संचालन भएको शिविरमा ४२ जना बालबालिका र माथिल्लो उमेर समुहका १६ जनाले सेवा लिएका हुन ।

सेवा लिएका मध्ये ४ जनालाई अपरेशन गर्नुपर्ने देखिएको रामेछाप नगरपालिकाका महिला विकास निरीक्षक सरिता बुढाथोकीले जानकारी दिनुभयो । शिविरमा अपाङ्गता पहिचान भएकाहरुलाई उनिहरुको आवश्यकताको आधारमा विभिन्न सामाग्रीहरु वितरण गरिएको उहाँले बताउनुभयो ।

रामेछाप नगरपालिका र अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपा काभ्रेको आयोजना शिविर संचालन भएको हो । शिविरमा जन्मजात खुट्टाको पैतला भित्र फर्केको,आगोले पोलेर अङ्गहरु एक आपसमा टाँसिएको,भाँचिएर बाङ्गो भएको वा हड्डी नजोडिएको खुट्टा लुलो र कमजोर भएको,ढाड बाङ्गो वा कुप्रो भएको,जोनीहरु र घुँडाको पाङग्रो खुस्किएको लगायत विभिन्न अवस्थाहरुको जाँच गरिएको थियो ।


## नयाँ सारथी लघुबित्तद्धारा मृतक परिवारलाई बिमा रकम भुक्तानी

नयाँ सारथी लघुबित्त बित्तिय सस्था लिमिटेड रामेछाप शाखाले मृतक सदस्यका घर परिवारलाई बिमा रकम भुक्तानी गरेको छ । संस्थाले रामेछाप नगरपालिका ८ का सदस्य हरिमाया तामाङका श्रीमानको मृत्यू पश्चात निज सदस्यलाई बीमाको क्षतिपुर्ति रकम उपलब्ध गराएको हो ।

सदस्य हरिमाया तामाङले संस्थाबाट ३ लाख ३० हजार रुपैयाँ कर्जा लिएकोमा सदस्यको श्रीमानको मृत्यू पश्चात संस्थाको नियमानुसार कर्जाको साँवा र ब्याज मिनाहा गरी कर्जा बिमा अन्तर्गत तिरेको किस्ता रकम समेत फिर्ता गरी जम्मा ९७ हजार ४ सय ९५ रुपैयाँ निज सदस्यलाई एकमुष्ट भुक्तानी गरिएको संस्थाका रामेछाप शाखा प्रबन्धक अविनय कटुवालले बताउनुभयो । संस्थाका प्रबन्धक अविनय कटुवाल,संस्थाका कनिष्ठ सहायक युवराज थापा र पत्रकार सहित हरिमाया तामाङको घरमै पुगेर चेक हस्तान्तरण गरिएको हो । ३ लाख १५ हजार बिमा रकम प्राप्त भएपनि  बाँकी रहेको साँवा काटेर तामाङले ९७ हजार ४ सय ९५ रुपैयाँ प्राप्त गर्नुभएको हो । संस्थाले कर्जा लिएका सबै सदस्यहरुको अनिवार्य बिमा गरिदिने गरेको छ । संस्थामा अहिले ५ सय ७५ जना सदस्य रहेका छन ।

## रामेछापको खाँडादेवि गाउँपालिकामा ट्रिपर दुर्घटना हुँदा चालक गम्भिर घाईते

रामेछापको खाँडादेवि गाउँपालिकामा ट्रिपर दुर्घटना हुँदा चालक गम्भिर घाईते भएका छन् । दुर्घटनामा परी मन्थली नगरपालिका १४ फुलासीका ३२ वर्षिय ट्रिपर चालक सुरज तमाङ गम्भिर घाईते भएका हुन् । खाँडादेवि गाउँपालिका ४ सिम्लेस्थित रजगाउँबाट बालुवा लोड गरेर खाँडादेवितर्फ जाँदै गरेको बा २ क ८१६६ नम्बरको ट्रिपर बिहिबार दिउँसो आफै अनियन्त्रित भएर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी गम्भिर घाईते भएका तमाङलाई तामाकोसी अस्पतालमा सामान्य उपचारपछि थप उपचार का लागि काठमाडौं पठाइएको रामेछाप प्रहरीले जनाएको छ ।



# गरिमा विकास बैंकको वित्तीय साक्षरता सम्बन्धि विशेष भिडियो सार्वजनिक

आजभोली वित्तीय साक्षरताको अभावले नेपालमा डिजिटल ठगी सम्बन्धी विभिन्न घटनाक्रमहरु बढ्दै गइरहेको छ। यस्ता ठगहरुले सामाजिक संजाल एवं अनलाइन एपहरुको माध्यमबाट चिट्ठा परेको छ भन्दै विभिन्न प्रलोभन देखाई ठगी गरिरहेको पाइएको छ। मुख्यतः वित्तीय साक्षरता एवं जागरुकताको




अभावले हुने यस्ता खाले ठगीमा प्रायः सबै उमेर समूहहरु फस्ने गर्दछन्। यसलाई मध्यनजर गर्दै यस विकास बैंकले आफ्नो आधिकारीक युट्युब एवं अन्य सामाजिक संजालमार्फत डिजिटल ठगी सम्बन्धि जनचेतनामुलक भिडियो सार्वजनिक गरेको छ।

करिब २ मिनेट लामो उक्त भिडियोमा एक शिक्षित युवा पनि कसरी यस्ता ठगीमा फस्न सक्छ भन्ने विषय देखाइएको छ। बैंकले उक्त भिडियोको प्रभावले आगामी दिनमा हुनसक्ने सम्भावित ठगीबाट केहि हदसम्म आम वित्तीय सेवा उपभोक्ता समुदायहरु थप सचेत हुने विश्वास राखेको छ।

# सनराइज् बैंकद्वारा घोडाघोडी बहुमुखी क्याम्पसमा वाटर प्युरिफायर हस्तान्तरण

संस्थागत सामाजिक उत्तरदायित्व कार्यहरु गर्ने क्रममा सनराइज् बैंकले सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा रहेको घोडाघोडी बहुमुखी क्याम्पसमा वाटर प्युरिफायर प्रदान गरेको छ। जेष्ठ ४ गते बिहीबार आयोजित एक कार्यक्रममा विद्यार्थीहरुलाई स्वच्छ पानी पिउन सहज होस् भनेर एक थान वाटर




प्युरिफायर बैंकका नायब महाप्रबन्धक रबिन कुमार नेपालले घोडाघोडी बहुमुखी क्याम्पसको अध्यक्ष विष्णु प्रसाद सापकोटा र क्याम्पस प्रमुख लक्ष्मी प्रसाद भट्टराईलाई हस्तान्तरण गर्नुभएको थियो। सुख्खड क्षेत्रमा शुद्ध पिउने पानीको अभाव रहेको र यस सामाजिक कार्यले त्यहाँका विद्यार्थीहरुलाई विद्यालयमा शुद्ध पिउने पानी पिउन र स्वस्थ रुपमा पठनपाठन गर्न मदत पुर्याउने क्याम्पसको अध्यक्ष विष्णु प्रसाद सापकोटाले बताउनुभयो। बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, वातावरण लगाएतका क्षेत्रमा सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्दै जाने बताएको छ। यसै हप्ता सनराइज् बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सुदूरपश्चिमको धनगढी उपनगरपालिका लागि डस्टबिन, हसनपुरको ऐश्वर्य विद्या निकेतन विद्यालयलाई प्रोजेक्टर, धनगढी त्रिनगर विद्यालयमा साइकल स्टायान्ड, चुरे गाउँपालिका र डडेलधुरामा प्रहरी विट उद्घाटन गरेको थियो।

# लक्ष्मी र सन्राइज बैंकबीच मर्जरको अन्तिम सम्झौता


लक्ष्मी बैंक र सन्राइज बैंकबीच मर्जर सम्बन्धमा अन्तिम सम्झौता सम्पन्न भएको छ। आयोजित एक कार्यक्रममा लक्ष्मी बैंकको तर्फबाट सञ्चालक दिनेश पौड्याल तथा सन्राइज बैंकको तर्फबाट सञ्चालक इ. बच्छराज तातेडले मर्जरसम्बन्धी अन्तिम सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। ड्यु डिलिजेन्स अडिटरको प्रतिवेदनका आधारमा दुवै बैंक १:१ को स्वाप रेसियोमा मर्ज




हुनेछन्। मर्ज भएपछि बन्ने संस्थाको नाम लक्ष्मी सन्राइज बैंक लिमिटेड हुनेछ भने लक्ष्मी बैंकका हालका प्रमुख कार्यकारी अधिकृत अजय विक्रम शाह मर्जरपछि बन्ने बैंकको प्रमुख कार्यकारी अधिकृत रहनेछन्। गाभिएपछि बन्ने बैंकको सञ्चालक समितिको प्रथम बैठकले सञ्चालक समितिको अध्यक्षको चयन गर्नेछ। उपरोक्त सम्झौतापत्र दुवै बैंकको साधारण सभामा पारित गरेपछि नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति प्राप्त गरेपछि दुवै बैंकले एकीकृत कारोबार शुरु गर्नेछन्। सम्पूर्ण प्रक्रियाहरु टुंग्याई आगामी असार मसान्तभित्रै एकीकृत कारोबार शुरु गर्ने लक्ष्य राखिएको छ।

# हिमालयन बैंकद्धारा बाल अस्पताल निर्माण गर्न आर्थिक सहयोग

हिमालयन बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत काठमाडौं इन्सटिच्यूट अफ चाइल्ड हेल्थलाई बाल अस्पताल निर्माण गर्नका



लागि रुपैयाँ बीस लाखको आर्थिक सहयोग गरेको छ।

सन् २०१७ सालमा स्थापना भएको काठमाडौं इन्सटिच्यूट अफ चाइल्ड हेल्थ, एक गैर नाफामुलक संस्थाका रुपमा सबैका बाल-बच्चाहरुका लागि सुलभ मूल्यमा सहज ढङ्गले उच्च गुणस्तरको बाल स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्यका साथ अग्रसर रहेको छ।

सो संस्थाले दमकमा पनि बाल अस्पताल संचालनमा ल्याइ सेवा प्रदान गरेको छ। उक्त संस्थाको कार्यक्रमलाई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आर्थिक सहयोग प्रदान गरेको हो। बैंकका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर राणाले सो संस्थाका अध्यक्ष प्रो.डा. भगवान कोइरालालाई सो रकम बैंकका अन्य वरिष्ठ पदाधिकारीहरुको उपस्थितिमा एक समारोहका बीच हस्तान्तरण गरेका थिए।

# मुक्तिनाथ विकास बैंकका ग्राहकहरुलाई कास्की मोडेल हस्पिटलमा विशेष छुट

मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना भिषा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुलाई थप सेवा दिन पोखराको न्यू रोडमा स्थित 'कास्की मोडेल हस्पिटल'सँग छुट प्रदान गर्ने गरी सम्झौता गरेको छ।




सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुले पोखराको न्यू रोडमा स्थित "कास्की मोडेल हस्पिटल" मा विभिन्न सेवा सुविधाहरुमा विशेष १०% सम्म छुट प्राप्त गर्न सक्नेछन्।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटिएम कार्ड प्रयोग गरी नेपालभरी रहेको भिसा नेटवर्कमा आवद्ध अन्य जुन सुकै बैंकको एटिएम मेसिनबाट निशुल्क रकम भिक्न सकिने व्यवस्था गरेको छ।

त्यसै गरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्युआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागि: ९८०१११००२२, कर्जा सेवाको लागि: ९८०१११००२३) आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ।

# सानिमा बैंक अब लमजुङको बेसीशहरमा

सानिमा बैंक लिमिटेडले सोमबार लमजुङको त्रिवेणी टोल, बेसीशहर-७ मा बैंक शाखा स्थापना गरी बैंकिङ सेवा विस्तार गरेको छ। उक्त शाखा कार्यालयको समुद्घाटन ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडी) तथा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पवनकुमार आचार्यले संयुक्त रुपमा गरेका हुन्।



समुद्घाटन् समारोहमा मह जोडीले लमजुङको बेसीशहरमा सानिमा बैंकको कार्यालय संचालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरे। त्यसैगरी सानिमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आचार्यद्वारा बैंकका ग्राहक तथा सरोकारवालाहरुलाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे।

## अर्थ संसार

# विदेशमा रोजगारीमा रहेका नेपालीले आइएमईबाट सामाजिक सुरक्षा कोषको रकम जम्मा गर्न सक्ने

सामाजिक सुरक्षा कोष र आइएमईबीच वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा योजना अन्तर्गत सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्रयोजनका लागि विदेशमा



रहेका योगदानकर्ताहरुबाट रकम संकलनको सेवा प्रदान गर्ने सम्झौता सम्पन्न भएको छ। सम्झौता पत्रमा सामाजिक सुरक्षा कोषका तर्फबाट कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली र आइएमईका तर्फबाट प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले हस्ताक्षर गर्नुभएको हो।

सो सम्झौताको कार्यान्वयन पछि विदेशस्थित आइएमई काउण्टर तथा साझेदारहरु मार्फत वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले योगदान वापतको रकम कोषमा जम्मा गर्न सक्ने छन्। आइएमईका प्रमुख कार्यकारी अधिकृत पौडेलले विदेशमा रहेका लाखौं नेपालीहरुलाई कोषमा योगदान गर्ने रकम जम्मा गर्न सहज हुने गरि यो सम्झौता अनुसारको छिटै व्यवस्था मिलाइने जानकारी गराउनुभयो।

कोषले अघि बढाएको वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा योजनाको प्रवर्द्धनका लागि समेत सहयोग पुग्ने प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख गर्नु भयो।

सामाजिक सुरक्षा कोषका तर्फबाट कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले आइएमई तथा यसका साझेदारहरुको विश्वव्यापी सञ्जाल भएकाले कोषले अघि बढाएको योजनामा सहभागिता बढाउन तथा कोषमा योगदान गर्नेहरुलाई रकम पठाउन सहज हुने विश्वास व्यक्त गर्नुभयो। सम्झौता हस्ताक्षर समारोहमा कोषका निर्देशक रोशन कोजु र आइएमई लिमिटेडकातर्फबाट बिजनेश डेभलपमेन्ट म्यानेजर श्यामकृष्ण खकुरेलको पनि उपस्थिति थियो। यसअघि सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका नागरिकले सामजिक सुरक्षा योजना अन्तर्गत कम्तिमा नेपाल सरकारबाट तोकिएको न्यूनतम आधारभूत पारिश्रमिकको २१ दशमलव ३३ प्रतिशत रकम अर्थात हाल न्यूनतम रु.दुइ हजार दुई मासिक रुपमा र अधिकतम न्यूनतम आधारभूत पारिश्रमिकको तीनगुणा सम्म कोषमा योगदान गरी सुविधामा सहभागी हुनसक्ने व्यवस्था मिलाएको थियो।


# महालक्ष्मी विकास बैंकको २९औं वार्षिकोत्सव

महालक्ष्मी विकास बैंक २९औं वर्षमा प्रवेश गरेको छ। यस अवसरमा बैंकले आफ्ना १०३ वटा शाखामा विभिन्न सामाजिक हितका कार्यक्रमहरु गरेको छ। आयोजना गर्नुका साथै २९ शाखामार्फत रक्तदान कार्यक्रम,




सम्पूर्ण कर्मचारीको संस्कृति झल्काउने सांस्कृतिक कार्यक्रम, वित्तीय साक्षरता ¥याली, सम्पूर्ण शाखा कार्यालयहरुमा केक कटिङ कार्यक्रम गरेको छ। त्यसैगरी महालक्ष्मी कर्पोरेट क्रिकेट लिग- २०२३, श्रृंखला २ लगायत विभिन्न कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाएको बैंकले जनाएको छ। बैंकले देशभर रहेका शाखामार्फत देशको भौगोलिक र सांस्कृतिक अवस्थाको उजागर गर्न कर्मचारीलाई स्थानीय भेषभूषामा बैंकमा उपस्थित गराएर सांस्कृतिक कार्यक्रम गरेको थियो। बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले ग्राहकवर्ग, शुभचिन्तक, नियामक निकाय एवं सेयरधनीलाई धन्यवाद दिएका छन्।

# घरेलु हिंसाः न्यूनीकरणका उपायहरु



**भोजराज पाण्डेय**
**(प्रहरी नायव उपरीक्षक)(ब.सु.पु)नवलपरासी**

नेपालको मध्ये भागमा अबस्थित नवलपरासी जिल्लाको रामग्राम नगरपालिका वार्ड नं ६ की एक जना महिला अहिले आफ्नै श्रीमान र सासू ससुराबाट घरेलु हिंसाको पीडित बनेको भन्दै जिल्ला प्रहरी कार्यालयमा पुगेकी छिन्, कारण हो "दाइजो"। सानै उमेरमा एक आपसमा माया प्रेम बसेपछि दुबै जना कानूनी बन्धन तोडेर भागि बिवाह गरि दुई बर्ष छिमेकी मुलुक भारतमा बस्दै गरेकोमा घरबाट बावाआमाले "घरमा फर्केर आउनु छोरा बुहारीलाई पनि लिएर" भनेर ढिपी गरे पछि काखमा दुधे बालकसहित घरमा आए पछिको केहि दिन पश्चात नै सासू ससुराले दाइजोको बिषय उठाए पछि सासू ससुरा र बुहारी बीचमा सामान्य बिवाद, किचकिच, झगडा हुँदै हातपातसम्मको अबस्था सृजना भई घरमा हिंशा र कलहको बीउ रोपिन पुग्यो। आफ्नै श्रीमतीलाई बुवाआमाबाट भएको यस बिभेद र अन्यायको बारेमा उसले एक शब्द पनि निकालेन र प्रतिबाद गर्ने कुनै पहल गरेन। पहिले बिवाह नहुदै माया प्रेम गर्ने बेला "तिमी बाहेक अरु मलाई केहि चाहिँदैन" भनेर प्रेमिकालाई बशमा पारेर भागि बिवाह गरि भारत गए पश्चात छोरासमेतको जन्म भई घरमा फर्केपछि निजको श्रीमानले पनि आमाबाबुकै बोलीमा लोली मिलाउदै श्रीमतीलाई दाइजो किन नल्याएको भन्दै दिनहुँ कुट्न थालेपछि पीडित महिला साहस गरेर घरेलु हिंसाको उजुरी लिई प्रहरी कहाँ पुगेकी हुन्।

माथि उल्लेखित घटना त हाम्रो नेपाली समाजमा हुने एउटा प्रतिनिधि घटना हो। सांध सीमाना, बालबच्चा, खानपान, लवाई खवाई, देखासिकी, र सामाजिक सञ्जालमा पोष्ट भएका बिचार र तस्वीर लगायतका अन्य बिबिध झिनामसिना बिषयहरु नै हिंशाका उपजहरु हुन। मानिसको मनमा अपराधिक वा खराव बिचार पैदा हुनलाई कुनै पुर्ववत योजना बनाई रहनु पर्दैन। क्षणक्षणमा नै बिषयबस्तुको आधारमा बिचारमा परिवर्तन आउँछ। जब मानिसको मनमा खराब बिचार हाबी हुन्छ तब उसमा खराब काम गर्ने मनसाय पैदा भई हिंसा गर्न उद्धेलित हुन्छ।

हिंसा, अत्याचार, अन्याय आफैमा एउटा पीडा बोध गर्ने शब्द हुन। हिंसा भनेको सामान्यतया एउटै परिवार भित्र एक व्यक्तिले अर्को व्यक्तिलाई दिने यातना, पीडा, दुःख र अपमान हो। यो शरीरिक, मानसिक, आर्थिक, यौन जन्य वा जुनसुकै रुपमा पनि हुन सक्दछ। शारीरिक रुपमा कुटपिट गर्ने, चोटपटक लाग्ने, यातना दिने, मानसिक रुपमा अपमान, गाली गलौज गर्ने, डर धम्की दिने, त्रासपूर्ण वा अत्यासपूर्ण व्यवहार गर्ने, हतोत्साहित गर्ने, जिस्क्याउने जस्ता कार्यहरु हिंसाका रुपहरु हुन्। त्यस्तै यसका साथै यौनजन्य प्रकृतिका दुर्र्व्यवहार, परम्परागत तथा रुडीबादी संस्कारहरु र महिला तथा पुरुषको आत्मसम्मानमा ठेस पुर्याउने लगायतका क्रियाकलापहरु पनि हिंसाजन्य क्रियाकलापहरु हुन्।

**आ.व. २०७८/७९ मा नेपालमा दर्ता भएका महिला हिंसाको संख्या २१ हजार ३११ छ । जसमध्ये नाबालिका बलात्कार मात्र १ हजार ५६० रहेका छन् । जबकि १० बर्ष अगाडी आर्थिक वर्ष २०६९/७० मा महिला र बालिका माथि हुने हिंसा र अपराधका घटनाको संख्या ३ हजार १४७ थियो । त्यो संख्या १० बर्षको अबधीमा बढेर २१ हजारको हाराहारीमा पुगेको छ । तथ्यांक अनुसार**

**नेपालमा लैंगिक हिंसा विगत १० वर्षको अबधीमा करिब ७ गुणाले वृद्धि भएको देखिन्छ ।**

**नेपालमा प्रचलित रहेका ऐन कानूनहरुमा प्रत्येक महिलाहरुमा प्रजनन् स्वास्थ्य सम्बन्धी हक अधिकार हुनेछ भनि उल्लेख गरिए तापनि श्रमिक महिलाहरुलाई सेवा सुबिधा सहित प्रसुती बिदा दिने सन्दर्भमा कतिपय अबस्थामा सुबिधा सहितको बिदा दिन आनाकानी भएको अबस्था छ । महिला हिंसा सम्बन्धी कानून प्रभावकारी भएको भए तापनि परिवारकै सदस्यहरुबाट परिवारकै सदस्यहरुलाई गरिने हिंशालाई कानूनी कार्वाही भन्दा पनि इज्यत प्रतिष्ठा वा मान मर्यादाको कारण सम्बन्धित निकाय सम्म पुग्न नदिई बलपुर्बक समाधान खोजिनुले यसले केहि हद सम्म प्रश्नहरु जन्माउने गरेको पाइन्छ । पछिल्लो समयमा सामाजिक सञ्जालको बढ्दो प्रयोग पनि हिंशा वृद्धि हुनुको प्रमुख कारणको रुपमा रहेको छ । नचिनेका मानिसहरु संग फेसबुक मार्फत सम्बन्ध स्थापित गर्न खोज्दा परिवारका सदस्यहरु बीचमा बेमेल हुन गई त्यसले हिंशाको रुप धारण गरेको अबस्था पनि छ । देखासिखिको कारण आफ्नो अनाबस्यक आबस्यक्ता पुर्ति गराउन महिलाहरुले आफ्नो श्रीमान प्रति दवाब सृजना गरि पुरुषलाई हिंसामा पुर्याएको अबस्था पनि छ ।**

अर्को अर्थमा भन्नु पर्दा परिवार भित्र आर्थिक स्रोत साधनको पहुँच, प्रयोग र उपभोगबाट कसैलाई बञ्चित गर्ने, दाइजोको कारण बुहारीलाई घरबाट निकाला गर्ने, आत्मसम्मानमा चोट पुऱ्याउने जस्ता क्रियाकलापलाई अपमान यातना वा पीडा भन्न सकिन्छ। नेपालको बर्तमान संविधान २०७२ मा "महिला भएकै कारण कुनै किसिमको भेदभाव गरिने छैन, प्रत्येक महिलालाई स्वाभिमानी भई, स्वतन्त्रता पूर्वक बाँच्न पाउने अधिकार हुनेछ" भन्ने उल्लेख गरिएको छ।

आ.व. २०७८/७९ मा नेपालमा दर्ता भएका महिला हिंसाको संख्या २१ हजार ३११ छ। जसमध्ये नाबालिका बलात्कार मात्र १ हजार ५६० रहेका छन्। जबकि १० बर्ष अगाडी आर्थिक वर्ष २०६९/७० मा महिला र बालिका माथि हुने हिंसा र अपराधका घटनाको संख्या ३ हजार १४७ थियो।

त्यो संख्या १० बर्षको अबधीमा बढेर २१ हजारको हाराहारीमा पुगेको छ। तथ्यांक अनुसार

नेपालमा लैंगिक हिंसा विगत १० वर्षको अबधीमा करिब ७ गुणाले वृद्धि भएको देखिन्छ।

नेपालमा प्रचलित रहेका ऐन कानूनहरुमा प्रत्येक महिलाहरुमा प्रजनन् स्वास्थ्य सम्बन्धी हक अधिकार हुनेछ भनि उल्लेख गरिए तापनि श्रमिक महिलाहरुलाई सेवा सुबिधा सहित प्रसुती बिदा दिने सन्दर्भमा कतिपय अबस्थामा सुबिधा सहितको बिदा दिन आनाकानी भएको अबस्था छ। महिला हिंसा सम्बन्धी कानून प्रभावकारी भएको भए तापनि परिवारकै सदस्यहरुबाट परिवारकै सदस्यहरुलाई गरिने हिंशालाई कानूनी कार्वाही भन्दा पनि इज्यत प्रतिष्ठा वा मान मर्यादाको कारण सम्बन्धित निकाय सम्म पुग्न नदिई बलपुर्बक समाधान खोजिनुले यसले केहि हद सम्म प्रश्नहरु जन्माउने गरेको पाइन्छ।

पछिल्लो समयमा सामाजिक सञ्जालको बढ्दो प्रयोग पनि हिंशा वृद्धि हुनुको प्रमुख कारणको रुपमा रहेको छ। नचिनेका मानिसहरु संग फेसबुक मार्फत सम्बन्ध स्थापित गर्न खोज्दा परिवारका सदस्यहरु बीचमा बेमेल हुन गई त्यसले हिंशाको रुप धारण गरेको अबस्था पनि छ। देखासिखिको कारण आफ्नो अनाबस्यक आबस्यक्ता पुर्ति गराउन महिलाहरुले आफ्नो श्रीमान प्रति दवाब सृजना गरि पुरुषलाई हिंसामा पुर्याएको अबस्था पनि छ। यहाँ सम्म की परिवारका सदस्यहरु बीचमा मोबाइलको पासवर्डको बिषयलाई लिएर समेत हिंसाजन्य ब्यवहारहरु हुने गरेको छ। श्रीमान श्रीमती बीच यही बिषय बढ्दै

गएर पारपाचुके सम्म पुगेको अबस्था पनि छ।बालबालिकाहरु सामाजिक सञ्जालको दुरुपयोगको कारण पनि हिंसामा पर्ने गरेका छन्। सामाजिक सञ्जालको प्रयोग गर्ने क्रममा बिश्वासमा परि आफ्नो साथिलाई गोप्यता सेयर गर्दा पछि त्यसैलाई ब्लाकमेलिङको माध्यम बनाएर बालबालिका माथि आर्थिक, यौनजन्य तथा मानसिक हिंसा समेत हुने गरेको छ।

महिला हिंसा बढ्दै जानुको अन्य कारणहरुमा परिवार भित्र माया, सम्मान र अनुशासनहिनताको कारण अराजक स्थिति उत्पन्न हुनु, शिक्षा र चेतनाको अभाव, मदिराजन्य पदार्थको प्रयोग, पारीवारिक वेमेल, बहुविवाह, बाल विवाह, अन्तरजातीय विवाहका कारण विचार, भावना र संस्कृतिमा मिलन नहुनु र रुप, सौर्न्दर्य र धन सम्पत्तिको प्रलोभनमा परेर र राजनीतिक तथा बिबिध सामाजिक प्रतिसोधको कारण पनि हिंसाका घटनाहरु बढी रहेका छन्।

खास गरि हिंसा सहने वानी, पारिवारिक, सामाजिक डरले दूषित क्रियाकलापहरु बाहिर निस्कन नसक्दा हिंसात्मक कार्यहरु अझ बढ्दै गएका छन्। नेपाली समाजमा पुरुषहरु सधैं उच्च स्थानमा रहने र महिलाहरुको परिश्रम कामको संवेदनशीलता र प्रजनन स्वास्थ्यका उत्पादन मूलक भूमिका स्वीकार गर्न नसक्दा महिला यौन चाहना पुरा गराउने घरको काममा सहयोग गर्ने, निःशुल्क सहयोगीको रुपमा हेर्ने परम्परा कायम नै छ। विभिन्न प्रकारका पीडा सहन नसकी कानूनी बाटो रोज्दा पनि उचित समयमा उचित न्याय प्राप्त गर्न नसक्दा अर्को पीडा हुने र पीडकले अपराध गर्न झन उत्साहित हुने गरेको छ। वैदेशिक रोजगारमा जाने महिलाहरु पनि विभिन्न प्रकारका पीडा, दुर्ब्यवहार र बिभिन्न प्रकारका यातना सहन बाध्य भएका र त्यस्ता हिंसालाई सामान्य रुपमा लिने प्रचलनले हिंसा झन बढ्न गइरहेको छ। युवाहरुलाई स्वदेशमै रोजगारीको यथेष्ठ अबसर प्राप्त नभएको कारण दैनिक रुपमा पुरुष तथा महिलाहरु खाडि लगायतका मुलुकहरुमा वैदेशिक रोजगारमा जाँदा घरमा परिवारका अन्य सदस्यहरुबाट विभिन्न प्रकारका हिंसामा परेको अवस्थाहरु ज्यादै पीडादायक छन्।

कुनै पनि हिंसात्मक क्रियाकलापले परिवार समाज र समाज तथा परिवारको विकासमा प्रत्यक्ष असर पार्ने भएकोले हिंसा अन्त्यका लागि हामी अग्रसर हुनु आबस्यक छ। नेपाली समाजमा व्याप्त पुरुष मानसिकतामा कठोर रुपमा परिवर्तन हुनु पर्दछ। महिलाहरुको श्रम, शहनशीलता, र लगनशील

मेहनती गुणको कदर गरिनु पर्दछ, महिलाहरुलाई शिक्षा चेतना दिनुको साथै विद्यालय स्तरदेखि नै महिलामैत्री पाठ्यक्रम निर्माण गरिनु पर्दछ, कानून कार्यान्वयनको पक्ष बलियो र सबैका लागि समान हुनुपर्दछ।

महिला हिंसा र अपमान गर्ने, यौन दुर्ब्यवहार गर्नेहरुलाई कानून बमोजिम गरिनुपर्दछ। सामाजिक सञ्जालका माध्यमहरु यू ट्युव, टिकटक लगायतको कारण पनि हिंसाजन्य कृयाकलापहरु परिवारमा हुने गरेका छन्। परिवारमा मदिरा र लागुपदार्थ सेवनका कारण अधिकांश हिंसाजन्य घटनाहरु घटेको देखिएकोले प्रहरीले यस विरुद्ध जनचेतना फैलाउने कार्यलाई अझ प्रभावकारी बनाउनु पर्दछ।

हिसा रोकथाम तथा न्यूनीकरणको लागि बिभिन्न तह र तप्काबाट अनेकन प्रयासहरु भएका छन, तर ती प्रयाप्त छैनन्। यसमा प्रहरीको चेतनामुलक प्रयास बढी प्रभावकारी हुन सक्दछ। सामाजिक, साँस्कृतिक, धार्मिक तथा बिभिन्न अन्धविश्वासी परम्पराका कारण महिलाहरुले खपिरहनु परेका यस्ता विकृति अन्त्य गरिनु आवश्यक छ।

वैदेशिक रोजगारको लागि खाडि लगायतका मुलुकहरुमा गैरहेको युवा जनशक्ति रोक्न देशमा रोजगारको व्यवस्था गर्ने, प्रत्येक परिवारमा क आपसमा सम्मानजनक व्यवहार गर्न सिकाउने किसिमका नैतिक शिक्षा दिने र अनुशासन सिकाउन सकेमा यस्ता समस्याहरु कम गराउन सकिन्छ। समाजमा हिंसा अन्त्यका लागि आफ्नो हक अधिकार र कर्तव्य प्रति पूर्ण जिम्मेवार भई सभ्य र अनुशासित समाज निर्माण गर्न सकेमा कोसेढुङगा साबित हुने कुरामा द्विबिधा रहदैन।

# खेलकुद

## सितोरियो कराते सघको शाखा डोजोद्वारा तिनदिने अन्तर्राष्ट्रिय प्रतियोगिता काठमाडौंमा सम्पन्न

काठमाडौ। सितोरियो कराँते संघको शाखा डोजो एम्स इन्टरनेश्नल एकेडेमि कोटेश्वरले ३१ बैशाष देखि जेष्ठ २ गते सम्म आयोजना गरेको ईन्डो नेपाल अन्तर्राष्ट्रिय कराँते प्रयियोगिता तीन दिन सम्म संचालन भएको थियो। होटल ए वान भेनु कोटेश्वरमा संचालन भएको प्रतियोगितामा नेपाल र भारतको विभिन्न डोजो र स्कुलबाट आएका ३७० खेलाडी विच प्रतिशर्पर्धा भएको थियो। उक्त प्रतियोगितामा सुप्रिम मोडल ईङ्गलिस स्कुलका खेलाडीले उच्चा प्रर्दशन गरेको विद्यालयका प्रमुख प्रशिक्षक साईला गमालले बताउनु भयो। जुनियर ९ वर्ष उमेर समुह तर्फको सुप्रिम मोडल स्कुलका नोभ दाहालले उत्कृष्ट खेल प्रर्दशन गर्दै स्वर्ण पदक जित्न सफल हुदा उत्कृष्ट खेल प्रर्दशन गरेका रोजल कार्की रजत सुदर्शन सारु मगर र सेरिम राना मगर कास्य पदकमा चित्त बुझाएका थिए।

तीन दिनसम्म संचालित प्रतियोगितामा स्कुलका टिम मेनेजर प्रजिता मान्नधर टिम कोच सोवी थापा मगरले आयोजनामा विद्यालयका विद्यार्थी खेलाडीले सोचे भन्दा निकै उत्कृष्ट र दह्रो कला प्रर्दशन गरेको बताउनु भयो साथै अउदो प्रतियोगितामा पढाईसँगै कराँते खेललाई पनि अझ उच्चा तयारि



गर्ने समेत बताउनु भयो। प्रतियोगिताको आठ वर्ष उमेर समुह तर्फ गगन दाहालले रजत पदक जित्न सफल हुदा इदेश सिटौला कास्यमा नै रोकिए।

दश वर्ष उमेर तर्फ संगम तामाङ सदिक्षा राना भाट आकृति के.सिले कास्य पदक जित्न सफल भएका थिए।

१२ वर्ष उमेर समुह तर्फ इभा सिटौला र १२ वर्ष उमेर समुहमा भुमिन्नदा जैसिले पनि कास्य पदक नै जित्न सफल भएका थिए। सुप्रिम मोडल ईङ्गलिस स्कुलले एक स्वर्ण दुई रजत र आठ कास्य सहित कुल ११ पदक जितेको स्कुलका प्रिनसिपल सोविता खत्रीले बताउनु भयो।

केन्द्रीय डोजोलाई गमालले दिलाए स्वर्ण

यसै प्रतियोगितामा नेपाल सितोरियो कराँते संघ केन्द्रीय डोजोका प्रविन गमालले १२ वर्ष उमेर समुहमा स्वर्ण पदक जित्न सफल भए त्यसै गरी अम्रान गमालले पनि स्वर्ण पदक जित्न अंकित थकुरी कास्य जित्न सफल भएका थिए। ६ वर्ष उमेर तर्फ अरोन कपालीले रजत जित्दा क्रिस्मा दाहाल स्वायता कार्कीले कास्य पदक हात परेका थिए। १० वर्ष उमेर तर्फ अशिस बराईलि र अंकित खडकाले पनि कास्य पदकमा नै चित्त बुझाउनु परेको थियो। ११ वर्ष तर्फ साईमन थापा पनि कास्यमा नै रोकिएका थिए।

त्यसै गरि सिनियर तौल समुह तर्फ ५० के.जीमा बिक्रम राईले कास्य ५५ के.जीमा स्वार्निम सिङ्ग कार्की कास्य त्यसै गरी ६५ के.जी तर्फ विक्रम सुनुवारले रजत पदक जित्न सफल भएका थिए।

## जेठ १५ देखि महेन्द्र नारायण निधि राष्ट्रिय क्रिकेट प्रतियोगिता सुरु

काठमाडौं। मधेश प्रादेशिक क्रिकेट संघको आयोजनामा यही जेठ १५ देखि २६ गतेसम्म महेन्द्र नारायण निधि राष्ट्रिय क्रिकेट प्रतियोगिता हुने भएको छ। महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय, मधेश प्रदेशको मुख्य सहयोगमा हुने प्रतियोगितामा ७ प्रदेशका टिम सहभागी हुने आयोजकले



जनाएको छ। आयोजकको प्रस्तावपछि नेपाल क्रिकेट संघ (क्यान) ले सातै प्रदेशलाई पत्र पठाउँदै प्रदेशका टिमहरुलाई प्रतियोगितामा सहभागी गराउन आग्रह गरेको छ। साथै प्रतियोगिताका लागि प्रतियोगिताको खेलहरु राम जानकी बहुउदेश्यीय खेल मैदानमा खेलाइने मधेश प्रादेशिक क्रिकेट संघका सचिव आयुस श्रेष्ठले जानकारी दिए। यसअघि जिल्ला स्तरमा आयोजना भएको यस प्रतियोगिता यस पटक प्रदेशस्तरमा आयोजना गर्न लागेको श्रेष्ठले जानकारी दिए। प्रतियोगिताको यो दोस्रो संस्करण हो। राष्ट्रिय टिमको क्याम्पमा रहेका खेलाडी बाहेक अन्य खेलाडीहरु प्रतियोगितामा सहभागी हुने श्रेष्ठले जानकारी दिए। प्रतियोगितालाई क्यानले प्राविधिक सहयोग गर्नेछ।

## परिवर्तनकारी........

राणा शासनको भन्दा पनि खतरानक हुदै गएको जस्तो भान नेपाली जनताले भोगेकै छन् ।

परिवर्तनका लागि लेख्ने, बोल्ने, श्रव्य, दृष्य देखाउने सञ्चार संस्थाहरुमा पनि दलिय आचरणमा व्याक्त हुदा नेपालको सञ्चारको विकासमा वेला वेलामा धक्का लाग्ने गरेको छ । सञ्चार संस्था र श्रमजीवि पत्रकारहरुको साझा मुद्दामा समेत दलगत स्वार्थ राखने यस्ता गलत प्रबृतिहरुले नेपालको सञ्चार जगत विकास होइन विनास तिर लम्कदै गएको हो की भन्ने भान हुने गरेको छ ।

त्यसकारण विग्रेका आचरणहरु पत्रकार बनेर पार्टीका झण्डामुनी बसेकाहरुले स्वातन्त्र पत्रकारिता र निष्पक्ष सञ्चार जगतको हितमा सोच्न थाल्दैनन् । यस्ता समस्या आईहरन्छन् । शुरु आफैवाट पो गर्ने हो की ?

## नेपालको......

वर्ष भित्र २ खर्ब ५६ अर्ब रुपैयाँ आन्तरिक ऋण लिने लक्ष्य राखेको छ । यसै अवधिमा बाह्य ऋण भने मात्र ७० अर्ब ७४ करोड रुपैयाँ प्राप्त भएको छ । नेपालले एक वर्षको अवधिमा २ खर्ब ४२ अर्ब २६ करोड रुपैयाँ बाह्य ऋण लिने लक्ष्य राखेको थियो ।

अन्तर्राष्ट्रिय सहायतामा सञ्चालित आयोजनाहरुको कमजोर प्रगतिका कारण नेपालले लक्ष्य अनुसार बाह्य ऋण भने प्राप्त गर्न हरेक वर्ष असफल हुने गरेको छ । सोहीकारण साधारण खर्च चलाउन समेत आन्तरिक ऋण लिनु पर्ने अवस्था छ ।

सार्वजनिक ऋणको साँवा/ब्याज भुक्तानीमा डेढ खर्ब खर्च

त्यसो त ऋणको भुक्तानीमा समेत नेपालले ठूलो रकम खर्च गर्दै आएको छ । तथ्यांक अनुसार १० महिनामा नेपालले ८९ अर्ब ४१ करोड रुपैयाँ सावाँ भुक्तानी गरेको छ । यसमध्ये आन्तरिक ऋणको सावाँ भुक्तानीमा ६३ अर्ब ४७ करोड र बाह्य ऋण भुक्तानीमा २५ अर्ब ९४ करोड रुपैयाँ खर्च भएको छ । ब्याज भुक्तानीमा समेत नेपालको ठूलो रकम खर्च हुने भएको छ ।

१० महिनामा आन्तरिक ऋणको ब्याज भुक्तानीमा मात्र ४६ अर्ब ८५ करोड रुपैयाँ र कमिसन भुक्तानीमा १० करोड रुपैयाँ खर्च भएको छ । बाह्य ऋणको ब्याज भुक्तानीमा ७ अर्ब ५ करोड रुपैयाँ खर्च भएको छ । सार्वजनिक ऋणको सावाँ-ब्याज भुक्तानीमा मात्र १० महिनाको अवधिमा १ खर्ब ४३ अर्ब ४१ करोड रुपैयाँ खर्च भएको छ ।

## नेपालकै....

अर्को उल्लेखनीय र विवादास्पद विषय सरकारले गिट्टी, बालुवा र ढुंगा निकासी गर्न दिने भएको छ । वातावरण प्रतिकूल नपारी गिट्टी, बालुवा र ढुंगा उत्खननमा जोड दिने उल्लेख छ । चुरेक्षेत्रको खनिज उत्खनन गरेर निकासी गर्न दिने कार्यक्रममा उल्लेख छ । यो कार्यक्रम विगत सरकारका पालामा बजेटमा समेत थियो । तर, बजेटमा आएको कार्यक्रम रोक्न सर्वोच्च अदालतमा समेत रिट परेर अन्तरिम आदेश आएको थियो । केही दिनअघि नेपाल उद्योग परिसंघका अध्यक्षले गिट्टी( ढुंगा निर्यात गर्न दिएमा पाँच वर्षमा २ खर्ब विदेशी मुद्रा आर्जन गर्न सकिने बताएका थिए । राष्ट्रपतिले आगामी दिनमा बजार अनुगमन थप व्यवस्थित बनाइने बताएका छन् । उपभोक्ता हितको सन्दर्भमा बजार अनुगमनलाई थप व्यवस्थित र प्रभावकारी बनाई मूल्य र गुणस्तरमा उपभोक्ता ठगिने वातावरणलाई अन्त्य गरिने बताएका हुन् । सबै प्रकारका सिन्डिकेट र कार्टेलिङको अन्त्य गर्दै व्यापारिक कारोबारमा नैतिकता, स्वच्छता, प्रतिस्पर्धा र अनुशासित बनाइने समेत जनाइएको छ । वर्षामा ५० युनिट र हिउँदमा ३० युनिट खपत गर्नेले निःशुल्क बिजुली पाउने भएका छन् । कारोवार

## सीमा......

रहेको हुँदा सो क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरेर लक्षितवर्गको क्षमता अभिवृद्धि गर्न कल्याणकारी कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसले राज्य र सीमावर्ती क्षेत्रका बासिन्दाबीच विश्वास बढाउँदै जान्छ ।

सीमा क्षेत्र विकास कार्यक्रम सशस्त्र प्रहरी बलको योजनामध्ये प्रमुख कार्य रहेको छासीमा क्षेत्रमा बाक्लो उपस्थिति बनाएको सशस्त्र प्रहरी बललाई सो कार्यक्रम संचालनको अवसर प्राप्त भएमा सीमा क्षेत्र सुशासित भई राष्ट्रिय सुरक्षा पनि मजबुत हुनेमा दुईमत छैन । मित्र राष्ट्र भारतले सन् १९५४ मा इन्डियन फ्रन्टियर एडमिनिस्ट्रेटिभ सर्भिस गठन गरेर सीमा सुशासन थालनीको अभ्यास हामीले आत्मासात् गर्दै कार्य प्रारम्भ गर्न ढिलो गर्न हुन्न। जिम्मेवार प्राप्त सबै निकायहरू बिच समन्वयन कायम गर्न केन्द्रमा राष्ट्रिय सीमा समन्वयन विभाग गठन गरी जिल्ला तहमा संयुक्त कमाण्ड पोस्ट स्थापना गरेर सीमा सुशासनले गति लिन्छ । तसर्थ, राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, सुरक्षा निकायबीच कार्यगत एकता कायम भई सीमा सुशासनलाई प्रमुख प्राथमिकता राखेर अगाडि बढ्नु आजको आवश्यकता हो ।

## आर्थिक....

निजी क्षेत्रको मनोबल खस्किएको अवस्था छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको योगदान ८१.५५ प्रतिशत छ भने कुल रोजगारीमध्ये ८५ प्रतिशत रोजगारी निजी क्षेत्रले प्रदान गरेको 'नेपालमा निजी क्षेत्रको अवस्था : योगदान र चुनौती' विषयक प्रतिवेदनले उजागर गरेको छ । यसले रोजगारी सिर्जनामा पनि सरकारको हिस्सा न्यून छ भन्ने देखाउँछ । उद्योग विभागका अनुसार चालू आवको १० महिनामा लगानी प्रतिबद्धता ३४ प्रतिशतभन्दा बढीले घटेको छ । विभागका अनुसार अघिल्लो आवको वैशाखसम्ममा २ खर्ब ९३ अर्बको लगानी प्रतिबद्धता आएकोमा चालू आवको वैशाखसम्म १ खर्ब ९२ अर्बको मात्रै प्रतिबद्धता आएको छ । यसले मुलुकमा औद्योगिक वातावरण कमजोर भइरहेको कुरालाई आमनागरिक समक्ष ल्याएको छ । यस्तो बेला सरकारले ल्याएको नीति तथा कार्यक्रमले अहिले मुलुकमा देखिएको चरम आर्थिक मन्दीबाट अर्थतन्त्रलाई उकास्ने योजनाहरूलाई समावेश गर्न सकेको देखिँदैन । बरु यसले अर्थतन्त्रमा सुधार आएको भन्दै मजबुत अर्थतन्त्रको रूपमा देखाउन खोजेको छ । राजस्व प्रशासनलाई चुस्त बनाई यसको दायरा फराकिलो बनाउने, आर्थिक प्रशासनलाई थप पारदर्शी बनाउने, सरकारी खर्चलाई मितव्ययी बनाउने, गिट्टी-बालुवा निर्यात गर्ने, तीनै तहका सरकारको कार्यक्रमलाई सामञ्जस्यता मिलाएर लगिने, बजारमा तरलता समस्याको अवस्था आउन नदिने, बैंक तथा वित्तीय संस्थाका बचतकर्ताको हित संरक्षण गर्दै ऋण लगानी उत्पादनमूलक क्षेत्रमा गरिने जस्ता विषयलाई नीति तथा कार्यक्रममा सामावेश गरेको छ । तर, यी अघिल्लो कार्यक्रममा समावेश गरिएका विषय हुन् । पुँजीबजारको विकास र विस्तारका लागि संरचनागत सुधार गर्ने, पुँजीबजारमा गैरआवासीय नेपालीलाई लगानी खुला गर्ने, वैदेशिक रोजगारीमा जाने युवाहरूलाई सरकारी ऋणपत्रका साथै निजी क्षेत्रका आयोजनाको प्राथमिक सेयरमा लगानी गर्न प्रेरित गरिने, गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि र पहुँचलाई मुलुकको विकास र समृद्धिसँग जोड्न विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । यी सबै पूरा नभएका पुराना कार्यक्रमका फेहरिस्ता हुन् । कार्यक्रममा कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी क्रमशः आत्मनिर्भरता हासिल गरिने, सामूहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको बजारीकरण गरिने, एकीकृत राष्ट्रिय अनुदानसम्बन्धी कानुन एवं कृषि अनुसन्धान नीति तर्जुमा गर्ने भने पनि यसको कार्यान्वयन विगतदेखि अहिलेसम्म हुन सकेको छैन । उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न युवालक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गर्दै कृषि उत्पादन वृद्धि गर्न भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरिने विषयको कार्यान्वयन हुन सक्ने सम्भावना देखिँदैन । किनकि योभन्दा अघिको बजेटमा समावेश गरिएका यस्ता कार्यक्रमको अझसम्म पनि कार्यान्वयन हुन सकेको छैन । 'युवासँग सरकार, हुनेछैनन् बेरोजगार' अभियानअन्तर्गत आगामी दुई वर्षभित्र ५ लाख थप आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने भने पनि यसको आधार देखिँदैन । यो देखावटी र महत्त्वाकांक्षी योजनाका रूपमा रहेको छ । श्रमबजारको मागअनुसारको सीपयुक्त मानव संसाधन उत्पादनका लागि सरकारी तालिमप्रदायक संस्थालाई एकीकरण गरी राष्ट्रिय प्राविधिक तथा व्यावसायिक प्रशिक्षण प्रतिष्ठान स्थापना गरिने भने पनि अहिले जति पनि युवा श्रम बजारमा आइरहेका छन्, ती सबै अध्यक्ष र अर्धदक्ष जनशक्तिको रूपमा मात्रै रहेका छन् । सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धी, समावेशी र जनउत्तरदायी बनाई सार्वजनिक प्रशासन संयन्त्रलाई छिटोछरितो र नतिजामुखी बनाउँदै काम गर्ने कर्मचारीलाई पुरस्कृत र प्रोत्साहन गरिने भनिएकोमा व्यवहारमा ठीक यसको उल्टो भइरहेको छ । सार्वजनिक प्रशासन लामो समयदेखि जनउत्तरदायी बन्न सकेको छैन । काम गर्नेलाई भन्दा चाकडी-चाप्लुसी गर्नेलाई मात्र पुरस्कृत गर्दै लगिएको हामी सबैलाई थाहा हुँदाहुँदै पनि राज्यले देखाउनका लागि मात्रै यस्ता पूरा हुन नसक्ने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छ । आर्थिक परिसूचक सकारात्मक हुँदै गएको, अर्थतन्त्र स्वाभाविक लयमा फर्किन थालेसँगै राजस्व, वैदेशिक सहायता र वैदेशिक लगानीमा सकारात्मक प्रभाव देखा परेको, विप्रेषण आप्रवाह बढेको, विदेशमा रहेका लाखौं नेपाली सामाजिक सुरक्षा कोषमा आबद्ध हुने प्रक्रिया सुरु भएको, क्रिप्टोकरेन्सी, हुन्डी, संगठित अपराध, अन्तरदेशीय र अन्तर्राष्ट्रिय अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने जस्ता विषयलाई नीति तथा कार्यक्रममा राख्दा यसको विश्वसनीयतामा प्रश्न खडा भएको छ । यी सबै कुरा नवउदारवादी नीति र त्यसले निर्माण गरेको क्रोनी क्यापिटलिजमले गर्दा भएको हो । सोही कारण देशको औद्योगिक यात्रामा अवरोध आएको छ । अन्तर्राष्ट्रिय बजारमा देखिएको आर्थिक संकट, आन्तरिक अर्थतन्त्रमा आएको मन्दी, बैंक तथा वित्तीय संस्थाहरूविरुद्ध देखिएको असन्तोषलगायतका कारणबाट लगानीको वातावरण दिन-प्रतिदिन बिग्रँदो अवस्थामा पुगेको छ । उद्योगहरू पूर्ण क्षमतामा चल्न सकिरहेका छैनन् । सिमेन्ट, फलामे छड, अटोमोबाइल, पर्यटन तथा घरजग्गा कारोबारमा मन्दी छाएको छ ।

सबैको चासोका रूपमा रहेको शिक्षा, स्वास्थ्य, सडक सञ्जालको विकास र विस्तारदेखि कानुनी राज्यको अवधारणालाई लिँदै आएका छन् । यस्तो अवस्थामा बजेटले कस्तो नीति लिन्छ, त्यसमा भर पर्ने देखिन्छ । अघिल्लो सरकारले आफैंले ल्याएको बजेट खर्च गर्न नसकेको यथार्थ हामीमाझ रहेको अवस्थामा वर्तमान सरकारले पनि बजेटको आकार बढाउनेभन्दा पनि कार्यान्वयन गर्न सक्ने बजेट ल्याउनुपर्छ । लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्धतासहित समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य, यसले परिलक्षित गरेको सुशासन, विकास र समृद्धिको आकांक्षालाई बजेटले आत्मसात् गर्नुपर्ने देखिएको छ ।

आम्दानीको स्रोत बढ्न नसक्दा अभावको चक्रमा आमनागरिक बाँच्न बाध्य छन् । आमनागरिकले अपेक्षा गरेजस्तो बजेटले रोजगारी निर्माण गरी आर्थिक क्षेत्रलाई चलायमान बनाउन सक्ने आधारको खाँचो देखिएको छ । बजेट आउने समय एकदमै नजिक छ । यही समयमा अर्थमन्त्रीले बजेटलाई अन्तिम रूप दिने हुँदा अब आउने बजेट माथिल्लो वर्गका लागि भन्दा पनि तल्लो वर्गलाई लक्षित गर्नुपर्ने देखिएको छ । करका दर, नीति निर्माण र चुनावलक्षित बजेट विनियोजनबाहेक सरकारले सर्वहारा वर्गलाई प्राथमिकतामा राखेर बजेट बनाउनुपर्छ ।

देशबाट बाहिरिने युवा जनशक्तिलाई रोकी स्वदेशमै रोजगारीको वातावरण सिर्जना गर्नेतर्फ बजेटले नीतिगत व्यवस्था गर्नुपर्छ । बजेटले आवधिक र दीर्घकालीन लक्ष्य आत्मसात् गर्न सकेन भने अर्थव्यवस्था गन्तव्यमा पुग्न सक्दैन । आर्थिक विषयका नीतिगत निर्णय लिँदा गलत विश्वास र गलत सोचले प्रभावित भएर त्यस्तो सोचबाट निर्देशित कार्य व्यवहारले अर्थव्यवस्थाका अवयवमा धमिरा लगाउन सक्छ । अर्थतन्त्र दरिलो बनाउन दीर्घकालीन योजनाप्रति ध्यान दिनुपर्छ । नत्र आर्थिक संकटले अर्थतन्त्रलाई अपांग नबनाउला भन्न सकिँदैन । हाम्रो जस्तो देशमा आर्थिक विकाससँग व्यापारघाटा, चरम भ्रष्टाचार, बेरोजगारी, युवा पलायन र कर छलीजस्ता समस्या प्रत्यक्ष रूपमा जोडिएका छन् । यी समस्या समाधान नगरी अर्थतन्त्रलाई दिगो रूपमा चलायमान बनाउन नसक्ने भएकाले बजेट निर्माण गर्दा यस्ता विषयलाई पनि हेर्नुपर्ने खाँचो देखिएको छ । विकास भनेको नागरिकको जीवनमा आउने त्यस्तो दिगो र सकारात्मक परिवर्तन हो, जसलाई स्वयं नागरिकले अनुभूति गरेको हुनुपर्छ । विकासको कुरा गर्दा औसतमा गाँस, बास र कपासले महत्त्व राख्छ । नागरिकले न्यानो, सुरक्षित र सुविधायुक्त घरबास तथा गुणस्तरीय पिउने पानी, जीवनोपयोगी शिक्षा, आधारभूत सुरक्षा पाए/पाएनन् भन्ने कुरामा विकास भर पर्छ । आर्थिक, प्रविधिको प्रयोगमा तल्लो वर्गको पहुँच कुन स्थानमा छ र त्यसले जीवनस्तरमा सुधार गर्न कति सहयोग पुऱ्यायो भन्ने कुराले महत्त्व राख्छ । अर्थतन्त्र मजबुत र सार्वजनिक प्रशासन चुस्त र पारदर्शी छ भन्ने कुरा आमनागरिकले अनुभूति गर्ने विषय भएकाले त्यस्तो वातावरण र बाटो अब आउने बजेटले निर्माण गर्न सक्नुपर्छ ।

## राष्ट्रियता......

तबसम्म भाषाभाषीका चलचित्र आम जनमानससम्म पुग्दैन ।" मगर चलचित्रका निर्देशक एवं लेखक मेजन पुनमगरले मातृभाषामा मगर चलचित्र सबैभन्दा पहिला निर्माण भएको जानकारी दिनुभयो । विसं २०५१ देखि मगर भाषामा चलचित्र निर्माण भएको र त्यसको निरन्तरता आजसम्म कायम रहेको उहाँले बताउनुभयो । मातृभाषाका चलचित्रलाई संरक्षण गर्न राज्य नै प्रभावकारीरूपमा लाग्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले प्रज्ञा प्रतिष्ठानले मातृभाषाका चलचित्रको संरक्षणमा काम गरिरहेको जानकारी गराउँदै यस सङ्घ सम्बन्धित संस्थालाई सँगै लिएर हिँड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मातृभाषाका चलचित्रले विशाल सोच बनाउनुपर्ने आवश्यकतालाई जोड दिँदै उहाँले आफ्नो समुदायमात्र सीमित रहनुभन्दा आम जनमानसले हेर्ने वातावरण बनाउन आग्रह गर्नुभयो । गुरुङ चलचित्रकी निर्देशक जसमाया गुरुङ (जशु)ले मातृभाषाका चलचित्रमा महिलाको सहभागिता पहिलेभन्दा राम्रो हुँदै गएको बताउनुभयो । कोभिडपछि मातृभाषाका चलचित्रमा समस्या आए पनि सबै मिलेर समस्याको समाधान गर्न सकिने उहाँको भनाइ छ ।

# अन्तराष्ट्रिय समाचार

## अमेरिका र चीनबीचको सम्बन्ध छिट्टै शान्त बन्नुपर्छ : बाइडेन

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकाले यसै वर्ष चिनियाँ जासुसी बेलुन खसालेपछि वाशिङ्टन र बेइजिङबीचको सम्बन्ध 'तत्काल' शान्त बन्नुपर्ने बताउनुभएको छ । गएको नोभेम्बरमा इन्डोनेसियाको बाली टापुमा भएको जी २० शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भएको वार्तापछि केही महिनायता दुई देशबीचको सम्बन्ध बिग्रिएको स्वीकार्दै बाइडेनले सम्बन्ध सुधार हुनुपर्नेमा जोड दिनुभयो ।



गएको फेब्रुअरीमा वाशिङ्टनले संयुक्त राज्य अमेरिकी आकाशमा उडिरहेको कथित चिनियाँ जासुसी बेलुनलाई गोली हानेर खसाल्ने निर्णय गरेपछि विश्वका दुई ठूला अर्थतन्त्रबीच कुटनीतिक विवाद उत्पन्न भएको थियो । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनको बेइजिङ भ्रमणलाई यस घटनाका कारण रद्द गरिएको थियो । जापानको हिरोसिमामा सम्पन्न जी ७ शिखर सम्मेलनपछि आइतवार आयोजित पत्रकार सम्मेलनमा बाइडेनलाई अमेरिका र चीनबीच प्रस्तावित हटलाइन किन सञ्चालनमा नआएको भनी सोधिएको थियो । 'तपाईँ सही हुनुहुन्छ, हामीसँग एक खुला हटलाइन हुनुपर्छ । बाली सम्मेलनमा राष्ट्रपति सी र मबीच कसरी भेट्ने र के गर्ने भन्नेबारे छलफल भएको थियो', उहाँले पत्रकारहरूको प्रश्नमा सकारात्मक प्रतिक्रिया दिँदै भन्नुभयो । एक अर्कासँग वार्ता गर्ने सन्दर्भमा सबै कुरा परिवर्तन भएको स्वीकार्दै उहाँले भन्नुभयो, 'मलाई लाग्छ सम्बन्धमा छिट्टै तरलता (सुधार आउँछ ।' अमेरिकी बाइडेन प्रशासनले सैन्य प्रयोगको जोखिमको हवाला दिँदै उन्नत माइक्रोचिप्सको व्यापारलाई लक्षित गरेर चीनलाई पनि चिढ्याएको छ । जी ७ का प्रमुख अर्थतन्त्र भएका देशहरूले चीनलाई यस क्षेत्रमा सैन्य गतिविधिबारे चेतावनी दिएको एक दिनपछि राष्ट्रपति बाइडेनले आइतवार ती कदमको बचाउ गर्नुभएको छ । उहाँले भन्नुभयो, 'दक्षिण चिनियाँ सागरमा उसले आफ्नो सेनाको उपस्थिति बढाएको छ र यसै कारण मैले यो स्पष्ट पारेको छु कि हामी चीनसँग केही वस्तुको व्यापार गर्न तयार छैनौं ।' उहाँले चिनियाँ सामानमा लगाइएको प्रतिबन्धबारे भन्नुभयो, 'हामीले अहिले हाम्रा सबै सहयोगीहरूबाट प्रतिबद्धता प्राप्त गरेका छौं, उनीहरूले पनि चीनसँग प्रतिबन्धित सामग्री खरिद गर्नेछन् । तर यो शत्रुतापूर्ण कार्य होइन । यो त केवल सम्बन्धलाई पूर्ववत् कायम राख्न सक्दो प्रयास गर्ने एउटा कडी हो । हामी यो सुनिश्चित गर्न चाहन्छौं ।'

## भागदौड मच्चिँदा नौ जनाको ज्यान गयो

मध्य अमेरिकी राज्य एल साल्भाडोरमा भागदौड मच्चिँदा नौ जनाको ज्यान गएको छ । कैयौँ घाइते भएका छन् । फुटबल खेलका क्रममा कुस्काटलान रङ्गशालामा मच्चिएको भागदौडमा सात जना पुरुष र दुई जना महिलाको ज्यान गएको बीबीसीले जनाएको छ । प्रहरीका अनुसार कुस्काटलान रङ्गशालामा अलियान्जा र एफएएस फुटबल टीमबीचको खेल हेर्न हजारौँ समर्थक पुगेका थिए । खेल हेर्न समर्थकहरु प्रवेश गरिरहेका बेला भागदौड मच्चिएको स्थानीय प्रहरीले बताएका छन् । प्रहरीका अनुसार भागदौडमा घाइते भएकालाई आपत्कालीन टोली परिचालन गरेर अस्पताल पुऱ्याइएको छ । अलियान्जा र एफएएस एल साल्भाडोरका लोकप्रिय फुटबल टीम हुन् । भागदौड मच्चिनुको कारण खुल्न बाँकी छ ।

## ४३ देशका एक अर्ब मानिस हैजाको जोखिममा

विश्वका ४३ देशका एक अर्ब मानिस हैजाको जोखिममा रहेको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले जनाएको छ । डब्लुएचओका अनुसार यस वर्ष अहिलेसम्म २४ देशमा हैजाको प्रकोप देखिएको छ । गएको वर्षको मे महिनामा मात्रै १५ देशमा हैजाको प्रकोप देखिएको थियो । सामान्यतया हैजाको प्रकोपबाट मुक्त रहेका भनिएका देशहरु पनि पछिल्लो समय यसबाट प्रभावित भइरहेका छन् र मृत्युदर एक सय भन्दा धेरै छ । गरिबी, द्वन्द्व, जलवायु परिवर्तन र त्यसले निम्त्याएको जनसङ्ख्या विस्थापनका कारण सङ्क्रमण बढेको डब्लुएचओका कार्यक्रम व्यवस्थापक हेनरी ग्रेले बताउनुभयो । हैजाबाट प्रभावित देशहरूको सङ्ख्या बढ्दै जाँदा, रोकथाम र प्रतिकार्यका लागि उपलब्ध स्रोतहरू कम छ । साथै खोप अभियान नराम्ररी प्रभावित भएको छ । हैजा सामान्यतया दूषित खाना वा पानीको माध्यमबाट सर्ने एक रोग हो । विशेष गरी साना बच्चाका लागि जोखिम निम्त्याउने यो रोगका कारण झाडापखाला र बान्ता हुने गर्छ ।

## श्रीलङ्काका पूर्वप्रधानमन्त्री राजपाक्षमाथिको विदेश यात्राको प्रतिबन्ध हट्यो

श्रीलङ्काको एक अदालतले पूर्वप्रधानमन्त्री महिन्दा राजपाक्षमाथि लगाइएको विदेश यात्राको प्रतिबन्ध खारेज गरेको छ । लङ्कन समाचार संस्था न्युज फर्स्टका अनुसार पूर्वप्रधानमन्त्री राजपाक्षसँगै सांसद रोहिता अबेगुनावर्देना, मन्त्री पवित्र वान्नियारच्ची र पूर्व प्रान्तीय परिषद् सदस्य कञ्चना जयरत्ने विरुद्धको यात्रा प्रतिबन्ध फोर्ट मजिस्ट्रेट अदालतले बुधवार हटाएको हो । गएको वर्षको मे ९ मा कोलम्बोमा सरकारविरुद्ध भएको शान्तिपूर्ण विरोध प्रदर्शनमा घातक हमला गराएको अभियोगको अनुसन्धानलाई दृष्टिगत गरी राजपाक्षसहित अन्य व्यक्तिमाथि विदेश यात्राको प्रतिबन्ध लगाइएको थियो । अदालतको आदेश अध्यागमन अधिकारीसमक्ष पुऱ्याउने निर्देशन पनि न्यायालयले गरेको छ । सांसद मिलन जयथिलाकेसहित अन्य दुई जनामाथिको यात्रा प्रतिबन्धलाई भने अदालतले निरन्तरता दिएको छ ।

# माईला -टेली सिरियल : निर्देशन/निर्माता / गणेश बाबू बिक

बिनोद कार्की ।

काठमाडौं । समाजमा रहेको समसामयिक बिषयमा आधारित कथा वस्तु रहेको माईला टेलि -सिरियलले दर्शकको मन जित्न सफल भएको छ ।

उक्त सिरियलका निर्देशन/निर्माता / लेख्न/ गणेश बाबू बिक रहेका छन् । शुरुदेखि नै निरन्तररुपमा न्दप भ्लतभचतबष्लक्भलत युट्युब च्यानलबाट प्रसारण हुँदै आएको माईला नारीको पिडालाई लिएर बनाइएको माईला टेली- सिरियलले हरेक हप्ता दर्शकलाइ एउट शन्देस दिएर जाने गर्दछ । दर्शकले आलोचन गर्दै कमेन्टमा लेख्छन् माईलाको अर्को हप्ता बिवाह भएको हेर्ने मन छ । यो क्षेत्रबाट जीवन चलाउन गारो छ । दर्शकको मायाँले यो क्षेत्र छोड्न सकेको छैन् यसै सिरियलका निर्देशक गणेश बाबू बिक बताउँछन् ।

बिनोद कार्की ,केबि पौडेल , सम्झना अधिकारी ,पर्शु श्रेष्ठ ,शिवराज शर्मा , भुमिका गिरी ,भिमा सुनुवार, अनिसा नानु, दिपेन बेसी र गोठे बुढो लगायत अन्य नयाँ पुराना कलाकार सहित १५ जना भन्दा बढी कलाकारको अभिनय रहेको माईला टेली -सिरियल ४८ औ श्रृखलाबाट कथावस्तुमा थप पृथकिकरणका साथै केही नयाँ तथा पुराना कलाकारहरु समेत थपिने




टेली-सिरियलले “नेपाली समाजमा रहेका बिबिध पक्षहरुलाई समय र परिस्थिति अनुसार गम्भीर तथा हाँस्य ब्याग्यात्मक तरिकाले प्रस्तुत गर्दै आईरहेको छ ।

कलाकारी क्षेत्रमा लामो अनुभव बोकेका बिक लामो समयदेखि म्युजिक भिडियो ,सिरियल , सट मूभी , गायन क्षेत्रमा समेत ब्यस्थ हुँदै आएका छन् ।

यस सिरियलमा १५ जना भन्दा बढी कलाकारको अभिनय शसक्त रुपमा दिख्न सकिन्छ । परिकल्पना गणेश बाबू बिक रहेको उक्त सिरियलमा थुप्रै कलाकारहरुको फरक -फरक अभिनय आकर्षक रुपमा देख्न सकिन्छ ।

कलाकारहरु गणेश बाबू बिक ( माईला ) आशा बिक , गोमा न्यौपाने , रोवन मगर , बिनिता अछामी , सिरियलकका निर्देशक गणेश बाबू बिक जन आकाश मिडियासँग बताउँछन् ।

उक्त सिरियलमा नयाँ तथा पुराना कलाकरको अभिनय शशक्त रुपमा देख्न पाईन्छ ।

समग्रमा हेर्दा यो सिरियलमा धेरै मेहनतका साथ कलाकारहरुको अभिनय र उत्तिकै मेहनती निर्देशन तथा सम्पादनको भुमिका देख्न पाइन्छ ।

# लक्ष्मण श्रीको नयाँ गीत सार्वजनिक

काठमाडौ । गायक लक्ष्मण श्रीको नयाँ गीत सार्वजनिक भएको छ ।

उनले आफ्नै युट्युब च्यानलमार्फत म तिम्रै डल्ले हो बोलको गीत सार्वजनिक गरेका हुन् । उनलाई साधना बिनाको गीत संगीत पूर्ण नहुने बताउँदै गायक श्रीले यो गीतले नेपाली सांगीतिक क्षेत्रमा थप नयाँ आयाम थप्ने बताए । सरोज अधिकारीले निर्देशन गरेको म्युजिक भिडिओमा सुदिप तामाङ, सेरिजा श्रेष्ठ, आश्मा नेपाल, सविना बस्याल, पुजा सुनुवार, शुभम मलकार लगायत फिचर्ड छन् ।

यो म्युजिक भिडिओलाई सरोज अधिकारी र आश्मा विश्वकर्माले




गायनमा गायिका मिलन नेवारले साथ दिएकी छन् । एकनारायण भण्डारीको शब्द रहेको गीतमा आशिष अविरलले संगीत भरेका छन् ।

सरोजसँगै आश्मा विश्वकर्मा, स्मिारिका ढकाल, सविना भण्डारी, सफल बस्नेत, रेखा मगर आदर्श गहतराज, विवश खत्री, आज्ञा खतिवडा, जोश्ना श्रेष्ठ, कोरियोग्राफी गरेका हुन् । पवन सुस्लिङले छायांकन गरेको गीतको भिडिओलाई सरोज अधिकारीले सम्पादन गरेका छन् ।

# राष्ट्रियता जोगाउन मातृभाषाका चलचित्रको भूमिका महत्वपूर्ण

गण्डकी । देशमा निर्माण भएका मातृभाषाका चलचित्रले प्राथमिकता पाउन नसकेको भन्दै राष्ट्रियता जोगाउन पनि त्यस्ता चलचित्रको प्रवर्धन गर्नुपर्नेमा जोड दिइएको छ । मातृभाषी चलचित्रको महत्व, चुनौती र सम्भावना विषयक बहसका वक्ताहरूले राष्ट्र र राष्ट्रियता जोगाउन मातृभाषाका चलचित्रको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । चलचित्र पत्रकार सङ्घ नेपालको स्थापना दिवसका अवसरमा चलचित्र पत्रकार सङ्घ कास्कीद्वारा आज आयोजित विशेष संवाद कार्यक्रममा राज्यको प्राथमिकतामा मातृभाषाका चलचित्र पर्न नसकेको वक्ताहरूको भनाइ छ । चलचित्र निर्देशक कृष्णकुमार गुरुङले जबसम्म राज्य उदार भएर लाग्दैन तबसम्म भाषाभाषीका चलचित्र आम जनमानससम्म नपुग्ने बताउँदै राष्ट्र र राष्ट्रियतालाई जोगाउन मातृभाषाका चलचित्रको भूमिका महत्वपूर्ण हुनेमा जोड दिनुभयो ।

विसं २०५२ बाट गुरुङ चलचित्र निर्माणको थालनी भएको जानकारी गराउँदै उहाँले हालसम्म एक सय ६० चलचित्र निर्माण भएको बताउनुभयो । विसं २०७४ सम्मको अवधि गुरुङ चलचित्रका लागि समस्याजनक रहेको उल्लेख गर्दै उहाँले २०७५ पछि केही समय सन्तोषजनक अवस्था रहेता पनि कोभिडपछि भाषाभाषीका चलचित्र निर्माणमा फितलोपन आएको बताउनुभयो । नेपालको रैथाने कथालाई प्रस्तुत गर्दा पनि समुदायभन्दा माथि भाषाभाषीका चलचित्र नउठ्नुमा राज्य प्रणालीको कमजोर नीति भएको बताउँदै उहाँले भन्नुभयो, “जबसम्म मातृभाषामा बन्ने चलचित्रका लागि राज्य उदार भएर लाग्दैन तबसम्म भाषाभाषीका चलचित्र च्यारिटी बेसमा नै सीमित रहनेछन् ।” मातृभाषाका चलचित जनतासम्म पुऱ्याउनुपर्नेमा जोड दिँदै निर्देशक गुरुङले भन्नुभयो, “हामीले त गाउँगाउँका कथालाई प्रस्तुत गर्न खोजेका छौँ । लगानी पनि थुप्रो भएको छ तर कमजोर नीतिले हामीलाई थिचेको छ । जबसम्म राज्य उदार भएर लाग्दैन बाँकी ६ पृष्ठमा

# डिभोर्सी आइमाई (कथा/नवपुस्ता)

शोभा लामिछाने

ऊ पागल हो । ऊ डिभोर्सी हो । ऊ पागल भएको कारणले डिभोर्स



भएको हो या डिभोर्स भएपछि पागल भएकी हो ?

दुबै हैन, म यकिन साथ भन्न सक्छु कि पच्चिस वर्ष पहिले पनि ऊ पागल नै थिई, जति बेला प्रेमको प्रलोभनमा परेर एक चटकेको पछि लागेर आफ्नो जन्म घर र क्षमता अनि चाहनालाई चटक्क छोडेर उसको घरेलु नोकर र यौनदासी हुन स्वीकार गरेकी थिई । ऊ पागल नै थिई जसले प्रेमको बिरुवा सम्झेर सन्तान जन्माउने र लालनपालन गर्ने जिम्मेवारी निभाउने जमर्को गरी ।

ऊ एउटा घरको चारदिवारभित्र सुरक्षित बसिरही । बिहान झिसमिसेदेखि मध्यरातसम्म घर, चुलो, पाहुना, सासू, नन्द आमाजू, देवर जेठाजु र सन्तानको सेवा गरीरही । कहिले हाँसीहाँसी त कहिले झनक्क रिसाएर पनि, उसले कर्तव्य निभाइरही। पैसा कमाउने वा जागिर खाने रहर र क्षमता भएर पनि, श्रीमानको सहमति नपाएर घरमै थन्किरही।अहिले ऊसँग आफ्नो कमाइ केही छैन । उसको श्रीमान् कमाउने बहानामै घरबाहिर रहिरह्यो र मनग्ये धन, पैसा र प्रतिष्ठा कमायो ।

उसलाई आरोप लाग्यो, अरूले कमाएको बसी बसी खाइस् भन्ने । ऊ क्षमतावान् नारी थिई । बिहेअघि जागिर खाएकै थिई । बिहेपछि बालबच्चा हुर्काउँदै घर धान्न आफूले पनि मिहिनेत गरेकै तर्क लगाएर ऊ सम्हालिई । उसको पच्चीस बर्से हाउसकिपिङ र केयरगिभरको जबमा कहिल्यै तलब तोकिएन, प्रमोसन वा पेन्सन भएन ।

पच्चीस वर्षमा सालाखाला पच्चीस दिन जति ऊ सजिएर नारिएर श्रीमानसँग भोजभतेर र समारोहमा पनि जाने अवसर पाई । कामकै सिलसिलामा वर्षमा दुई तीनपटक विदेश जाने श्रीमानसँगै, पच्चीस वर्षमा तीन चारपटक विदेश यात्रा ऊ पनि गएकै हो । यसकै आधारमा उसलाई गतिलो लोग्ने पाएकी भाग्यमानी आइमाई भनेर सहरले चिनेको थियो ।

ऊ वास्तवमा सामान्य नारी थिई । ठाउँ ठाउँका सहर र गाउँ घुम्ने रहर गर्थी तर पाइनँ । यौन चाहना पुरा गर्नुपर्ने उमेरमा एक्लै बालबच्चाको रेखदेखमा जुटेर अतृप्त रहिरही । हर्मोनल साइकल, मुड सुइङ, थकान आदि आदिले कहिलेकाहीँ केटाकेटीसँग झर्कने र कहिले जोडले बजाउँदै भाँडा माझ्ने उसको बानी परेको थियो । यस कारण बिस्तारै ऊ रिसाही, अलच्छिनी, अराजक हुँदै अन्ततः पागलको शब्द-पदवीले सुसज्जित बनी ।

उसले ‘श्रीमानले मलाई प्रेम गरेको छ’ भन्ठानेर प्रेमिका हुने सपना देखिरही। पागललाई थाहै भएन, स्वास्नी घरकी दासी हुन् । प्रेमीका त उसका श्रीमान् जस्ता महापुरुषहरुले घरबाहिर घुमाइरहन्छन् । घरमा बालबच्चाको कारणले सम्भोग सम्भव नहुँदा अतृप्त रहनुपर्ने उसले मात्रै हो । उसको श्रीमान्ले त बाहिर होटेलमा प्रेमिकाहरूसँग तृप्ति बटुलिरहेको छ ।

उसले खुलेर आफ्नो यौन सन्तुष्टिको माग राखेको दिनबाट उसलाई उसको श्रीमानले चरित्रहीनको दर्जा दियो । जोसँग बोलचाल गरे पनि यौनक्रिया गरेकै आरोप लगायो । ऊ बोलेका, उसले हेरेका हरेक उमेरका हरेक पुरुषलाई उसकै नाठो करार गर्दै पाइला पाइलामा टोकसिरह्यो । तर प्रेमपूर्ण सम्भोगको माहौल बनाउन सकेन । श्रीमतीको झर्कने बानी आफूले माया, समय अनि साथ नदिएर उत्पन्न भएको हो भन्ने पनि ख्याल गरेन । उल्टै किचकिचे श्रीमतीले टेन्सन दिएको बहानामा प्रेमिकाहरूको सहानुभूति लुटिरह्यो । आफ्नी श्रीमतीसँग अझै टाढिइरह्यो ।

जब घरमा ठाकठुक र वैमनस्यको अवस्था सिर्जना भयो तब पनि ‘म त प्रेम गरेर बिहे गरेकी श्रीमती, छोराछोरीकी आमा, श्रीमानको जीवनमा मेरो अस्तित्व र हक छ’ भन्ने भ्रममा आफ्नो ऊर्जाशील उमेर र जवानी खेर फालिदिई । वर्षौंको तनाव, वैमनस्य, विषाक्त सम्बन्धले शारीरिक र मानसिक रूपमा कमजोर भइसकेपछि, सारा भ्रम र अपेक्षा तोडिएपछि सन्तानमाथि आफूलाई अड्याई । उसले फेरि हुर्किएका सन्तानले माया र साथ दिनेछन् भन्ने आशा र विश्वासमा श्रीमानसँग अलग हुने निर्णय गरी ।

बाहिर हाँसे पनि घरबार बिग्रेको दुःखले उसलाई पोलिरहेकै थियो । त्यसमाथि समाजका नकारात्मक टिप्पणीहरू ! बडो जोडले आफ्नो विक्षिप्त मन छेक्न खोज्थी, तर कता कताबाट बाँध भत्काएर आँखाको डिलसम्म आँसु आइपुगिहाल्थे । गलत नियत र प्रवृत्ति भएका व्यक्तिहरूका अनैतिक प्रस्तावसमेत सामना गरिरही । उसले कहिले रोएर, कहिले रिसाएर त कहिले हाँसेर प्रतिवाद, प्रतिकार र प्रतिउत्तर दिइरही ।

उसले हार मानिन जिन्दगीसँग । अझै विष पिएकी छैन । शरीरमा पेट्रोल खन्याएर वा कतै पासो लगेर मर्नेबारे सोचेकी पनि छैन ।

उसले सम्बन्ध विच्छेद पछि, जीवनका सुनौला सपना देखेकी थिई । पच्चीस बर्षे वैवाहिक जीवनको घुटन, पिडा र कुण्ठा बुझ्न सक्ने, ऊप्रति भएको अन्याय महसुस गर्न सक्ने कुनै साहसी र असल पुरुषले उसलाई जीवनसाथी बन्न प्रस्ताव गर्नेछ । उसका छोराछोरीले पनि भन्नेछन्, “आमा ! तिम्रो जवानीमा बाबाको समय, सम्मान र माया तिमीले पाइनौ । हामीलाई हुर्काउँदा तिमीले आफ्ना चाहना र रहरको बलि चढायौ । अब हामी हुर्कियौं, तिमीलाई साथ दिनेछौं । एउटा योग्य वर खोजेर बिहे गर आमा ।” र, फेरि चालीसौं बसन्तमा मधुमासको खुसी बर्सनेछ । तर पागललाई यति पनि थाहा भएन - दराजले पो नयाँ लुगा पाउँछ, मक्किएका लुगाले नयाँ दराज कहाँ पाउँछन् ?

उसले आफ्ना सुनौला सपनाहरू टुटेको त्यति बेला थाहा पाई जति बेला पितृसत्तात्मक समाजले पिलाएको विष पिएर उसका सन्तानले उसैलाई स्वार्थी आमा र खराब आइमाईको संज्ञा दिए ।

तर अझै उसले घुँडा टेकेकी छैन । साहस बटुलेर आफ्नै खुट्टामा उभिइरहेकी छ । उसको उपस्थिति नै कतिका लागि साहस जुटाउने प्रेरणा बनेको छ । बलत्कारी समाजका महिला र पुरुष हरदम उसलाई प्रहार गरिरहेछन्। अबुझहरू उसैलाई दोषी देख्छन् । बुझेकाहरूले बुझ पचाएका छन् । ऊ जस्तै पीडितहरू अझै घरबार जोगाउने र समाजमा इज्जत बचाउने निहुँमा पितृसत्ताको सर्वोच्चता स्वीकारी अपमान सहिरहेका छन् । उसको समर्थन गर्न र उसलाई यो युद्धामा साथ दिन कोही जान सक्दैनन् ।

हेरौं, यो युद्ध एक डिभोर्सी आइमाई अर्थात् पागलले एक्लै कहिलेसम्म लड्न सक्छे !

# आर्थिक मन्दीमा बजेटको बाटो

उद्धव सिलवाल

उच्च मुद्रास्फीति नियन्त्रणका लागि कसिलो मौद्रिक नीतिलाई निरन्तरता दिँदा विश्वमै बैंकहरूलाई तरलता व्यवस्थापनमा समस्या देखिएको छ । त्यसैको कारण अमेरिकी बैंकहरू तरलता व्यवस्थापन गर्न नसकेर बन्द हुन पुगे । पछिल्लो पटक नियमनकारी निकाय फेडेरल डिपोजिट इन्स्युरेन्स कर्पोरेसनले फर्स्ट रिपब्लिकन बैंक टाट पल्टेको जनायो । योभन्दा अघि सिलिकन भ्याली र सिग्नेचर बैंक टाट पल्टेका थिए । यस्ता समस्या अमेरिकामा मात्र नभएर दक्षिण एसियाली मुलुकहरूमा पनि आउन सक्ने सम्भावना बढेको छ । त्यसो त दक्षिण एसियाली मुलुकहरूमध्ये पाकिस्तान र श्रीलंकाको अवस्था खस्कँदो क्रममा रहेको छ । ती मुलुकमा विदेशी मुद्राको सञ्चिति कमजोर अवस्थामा रहेको छ । उक्त समस्याको समाधान गर्न ती दुई देशले अन्तर्राष्ट्रिय मुद्राकोषलगायतका अन्य दातृ निकायसँग आर्थिक र प्राविधिक सहयोग लिइरहेका छन् । यो दुई देशको मात्रै समस्या होइन । यस्तो समस्या नेपालमा पनि नआउला भन्न सकिँदैन । किनकि हामीकहाँ पनि तरलता अभाव, बढ्दो ब्याजदर, सुस्ताउँदै गएको ऋणप्रवाह समस्याको रूपमा रहेको छ । सन् २००८ मा आएको वित्तीय संकटको प्रभाव नेपालमा खासै नपरे पनि अहिले विश्व अर्थतन्त्रको बाछिटाले नेपालजस्तो देश जुनसुकै समयमा रुभ्न सक्छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार आधारभूत मूल्यमा यो वर्षको आर्थिक वृद्धिदर २.१६ प्रतिशतमा सीमित रहने बताइएको छ । उपभोक्ता मूल्यमा भने जिडिपी १.८६ प्रतिशतले मात्र बढ्ने अनुमान गरिएको छ । सरकारले गरेको अनुमानभन्दा यो ५.८४ प्रतिशत तल हो । दातृ संस्थाहरूले गरेको भन्दा नेपालको आर्थिक वृद्धिदर १.९४ प्रतिशत कम देखिन आउँछ । यो भनेको मुलुक मन्दीतर्फ गएको पुष्टि गरेसरह नै हो । युरोप, अमेरिका, बेलायत, चीनलगायतका विश्वका अधिकांश देशमा आर्थिक मन्दीको संकेत देखिन थालेको छ । आर्थिक मन्दीको दबाबसँगै त्यहाँका केन्द्रीय बैंकले ब्याजदर बढाउन थालेका छन् । अर्थतन्त्र खुम्चिनु भनेकै आर्थिक मन्दी हो । बजेटले आवधिक र दीर्घकालीन लक्ष्य आत्मसात् गर्न सकेन भने अर्थव्यवस्था गन्तव्यमा पुग्न सक्दैन । आर्थिक विषयका नीतिगत निर्णय लिँदा गलत विश्वास र गलत सोचले प्रभावित भई गरिने कार्य व्यवहारले अर्थव्यवस्थाका अवयवमा धमिरा लगाई अर्थतन्त्रलाई अपांग बनाउन सक्छ । युरो जोनमा रहेका जर्मनी, फ्रान्स, स्पेन, नेदरल्यान्ड, इटली, ग्रिस, फिनल्यान्ड, डेनमार्कलगायतका १९ देशको आर्थिक गतिविधि कमजोर देखिन थालेका छन् । युरो जोनका जिडिपी र अर्थतन्त्र खस्कने क्रम सुरु भएको छ । अर्थतन्त्र खस्कन थालेपछि युरोपियन सेन्ट्रल बैंकले पुनः ब्याजदर बढाउने संकेत योभन्दा अघि नै गरिसकेको छ । युरोपियन सेन्ट्रल बैंकले आर्थिक मन्दीको खतरा बढ्न सक्ने जनाएको छ । आर्थिक मन्दीसँगै मुद्राको मूल्य कमजोर हुने र महँगी बढ्न सक्ने सम्भावना पुनः हाबी भएको छ । नेपालमा पनि यस्तै अवस्था देखिन थालेको छ । सामान्यतया निरन्तर रूपमा दुई त्रैमासिक अवधिसम्म कुल गार्हस्थ्य उत्पादन ( जिडिपी) ऋणात्मक रहेको अवस्थामा अर्थव्यवस्था र अर्थतन्त्रमा मन्दी आयो भन्ने गरिन्छ । हामीकहाँ यस्तो अवस्था जिडिपीले देखाइसकेको छ । बेरोजगारीको चक्र उच्च हुँदै जानु, क्रयशक्ति घट्नु, उद्योग-व्यवसाय फस्टाउन नसक्नु, बैंक तथा वित्तीय संस्थाको खराब कर्जाको अंश बढ्नुजस्ता कुराले देशको अर्थतन्त्रमा संकुचन आएको देखाउँछ । अर्थतन्त्र खुम्चिनु भनेकै आर्थिक मन्दी हो । वस्तु तथा सेवाको मूल्य अधिक हुन थालेका कारण आमनागरिकको आम्दानी खुम्चिन पुगेको छ । निजी क्षेत्रले उद्योग-व्यवसाय सञ्चालनका लागि कर्जा माग्न आउने क्रम घटेका कारण बैंकको कर्जा प्रवाह नभएपछि उसले सरकारी ऋणपत्रमा लगानी गर्नुपर्ने अवस्था आएको छ । आर्थिक सुस्तताले गर्दा साना तथा मझौला उद्योग व्यवसायी क्रमशः धराशायी बन्दै गएका छन् । बाँकी ६ पृष्ठमा

# प्रदुषण न्युनिकरण गर्न र विदेशवाट फर्किएकालाई स्वरोजगार बन्न उपयुक्त बिकल्प बनेको विद्युतिय भ्यान

**मोहन कार्की**

काठमाडौं । नेपालमा ईलेक्ट्रिक सवारी साधनहरु प्रति सवारी सेवाग्रहीको अकर्षण बढ्दो छ । कुनैवेला सवारी भनेको हुने खाने धनीमानी मानिहरुको मात्र हो भन्ने बुझाई रहेको थियो आजको विश्वमा आएको मानवीय

त्यसैगरी पहिलो चरणमै लुम्बिनी प्रदेशको बुटवल, कर्णालीको सुर्खेतमा समेत चार्जिङ स्टेशन निर्माण गर्ने जनाएको छ । पहिलो चरणमा निर्माण गर्ने भनिएको स्थानमा अबको २ महिना भित्र स्टेशन संचालनमा आइसक्ने सिजी मोटर्सले उल्लेख गरेको छ ।

ईलेक्ट्रिक भ्यानमा यात्रुलाई सेवा दिन पाउदा र आफुपनि बातानुकुलित चालक हुन पाउदा अत्यन्तै खुशी भएको ईभि भ्यान चालकहरुले बताएका छन् । त्यसैमध्य हेटौडाका ईभि भ्यान चलाई रहेको अवस्थामा भेटिएका चालक बिकास कार्कीको भनाई यस्तो छ ।



चेतना र नेपालको पुर्वधारको विकासमा भएको बृद्धिले आज-भोली आम नागरिकले सेवा लिने साधनको रुपमा परिचित छ । त्यसमा पनि वातावरणीय दृष्टिकोणले, नेपालको आर्थिक, ब्यापारिक सवैकोणवाट ठिक मानिने विद्युतिय सवारी साधन प्रयोगकर्ता बढिरहेका छन् । ति विद्युतिय सवारी साधन विदेशवाट नेपाल ल्याई विक्री गर्ने कम्पनीहरुको पनि प्रतिस्पर्धा बजारमा छ । त्यसमध्य हाल नेपालको प्रतिष्ठित कम्पनी अर्न्तगतको सिजी मोर्टस प्रा.लि.ले चिनियाँ स्टार्टअप कम्पनी होजोन अटोको उत्पादन नेटा भी, इभि भ्यान बजारमा ल्याएर बिक्री गरिरहेको छ । उक्त नेटा भि, इभि भ्यान, नेपाली ग्रहकहरुले खरिद गरेर प्रयोग पनि गरिरहेका छन् । यसरी विद्युतिय सवारी साधन प्रयोग गर्दा नेपालवाट डिजेल र पेट्रोलका लागि ठुलो मात्रमा विदेश जाने रकम नोपलमा नै बस्ने नेपालको विद्युत नै प्रयोग हुने र वातावरणको दृष्टिले राम्रो हुने र सवारी साधनमा यात्रा गर्दा लकचदार हुने र आवाज नआउने, भाइब्रेसन नाआउने, प्रेट्रोल, डिजेलको गन्द नआउने फाईदाहरु रहेको प्रयोगकर्ताहरुको भनाई छ ।

विद्युतिय सवारी साधनको चर्जिङको समस्या रहेको केही समय अगाडी प्रयोगकर्ताहरुले गुनासो गरेका थिए । अहिले विद्युतिय सवारी साधन बिक्री गर्दै आएका कम्पनीहरुले चार्जिङ स्टेशनहरु पनि स्थापना गर्दै लगेका छन् । सिजी मोटर्सले हाल चार्जिङ स्टेशनहरु धमाधम निर्माण गर्दै सञ्चालनमा ल्याएको छ । ६ स्थानमा चार्जिङ स्टेशन स्थापना गरिसकेको छ भने थप २१ वटा चर्जिङ स्टेशन धमाधम निर्माण भइरहेको कम्पनीले जानकारी दिएको छ । सिजी मोटर्सले देशका ७ वटै प्रदेश राजधानीसहित ठूला सहरका बिभिन्न २१ स्थानमा चार्जिङ नेटवर्क विस्तारको काम अगाडि बढाउने गरी काम भइरहेको जानकारी दिएको छ । कम्पनीले तीन चरणमा २१ स्थानमा चार्जिङ स्टेशन निर्माण गर्ने जनाएको हो । जसमा पहिलो चरण अन्तर्गत कोशी प्रदेशमा इटहरी, मधेश प्रदेशमा ढल्केबर, बागमती प्रदेशमा काठमाडौं, हेटौंडा र चितवन, गण्डकी प्रदेशमा पोखरामा चार्जर राख्ने छ ।

त्यसैगरी, दोस्रो चरणका लागि कोशी प्रदेशको विराटनगर, मधेश प्रदेशको बर्दिबास, बागमती प्रदेशको मुल्कोट, लुम्बिनी प्रदेशको नेपालगन्ज र सुदूरपश्चिमको धनगढीमा चार्जर सेटअप राखिनेछ । दोस्रो चरणमा सेटअप गरिएका चार्जिङ स्टेसन अबको ६ महिना भित्रमा संचालनमा आउने कम्पनीको भनाई छ ।

कम्पनीले तेस्रो चरणमा राख्ने चार्जिङ पूर्वाधार भने अबको १ वर्ष भित्र संचालनमा ल्याउनेछ । यसका लागि स्थान भने छनोट गरिसकिएको कम्पनीको भनाई छ । कोशी प्रदेशको बिर्तामोड, मधेश प्रदेशको जनकपुर र सिमरा, बागमती प्रदेशको मुग्लिन, गण्डकी प्रदेशको बाग्लुङ र पाल्पासहित लुम्बिनी प्रदेशको दाङ र सुदूर पश्चिमको महेन्द्रनगरमा चार्जिङ स्टेशन निर्माण गरिरहेको कम्पनीले उल्लेख गरेको छ । कम्पनीले बनाएको योजना अनुसार काठमाडौं, हेटौंडा, सुर्खेत, दोलखा, नेपालगन्ज र सिन्धुलीको मङ्गलटारमा चार्जिङ स्टेशन तयार भइसकेको छ । यी ६ स्थानमा रहेका चार्जिङ स्टेशन अहिले संचालनमा छन् । यसबाहेक, कम्पनीको ओखलढुङ्गामा राखेको चार्जर सेटअप भने केही दिन भित्रमा नै संचालनमा आउने बताएको छ । यी गन्तव्यका चार्जिङ स्टेशनबाट ईभी प्रयोगकर्ताले गाडीका लागि फास्ट डिसी चार्जरको सुविधा लिन सक्नेछन् । कम्पनीले अहिले ३० किलोवाट र ६० किलोवाटका डिसी चार्जर राखेको छ । यी स्थानमा आवश्यक परेको खण्डमा ७ किलोवाटको एसी चार्जर पनि जडान गर्ने बताएको छ । सिजीले जीबीटी र सिसिएस टु चार्जिङ गन राखेको हो ।

सिजीले ईभी कार, भ्यान दुवै थरीका सवारी साधन बिक्री गर्दै अईरहेको छ । नीजि सवारीको लागि कार, र सार्वजनिक यातायातको लागि इभि भ्यान बिक्री गर्दै आईरहेको छ । नीति कारको रुपमा प्रयोग भएका काठमाडौ लगायत ठुला शहरमा कुदीरहेका छन् । भने हालसालै ईभि भ्यानले चितवन, हेटौडा, विरगंज, काठमाडौ-सिन्धुली, बर्दीबास क्षेत्रमा सार्वजनिक सेवा दिईरहेको छ ।

**ईभि भ्यान चलाएर सेवा दिन पाएकोमा खुशी छन् चालकहरु**

सिजी मोटर्स प्रा.लि.ले बिक्री गरेको

"ईभि भ्यान चलाउदा चितवन देखि विरगंज पुग्दा पाच देखि छ हजार डिजेल लाग्थ्यो अहिले ईलेक्ट्रिक भ्यानमा चार्जको हिशाव त्योभन्दा सस्तो पर्ने जम्मा जम्मि ५ देखि ७ सय बराबरको चार्ज गरे पुग्ने र अर्को आफ्नो देशको पैशा विद्युतमा आफ्नै देशमा जान्छ त्यसकारण म अत्यन्तै खुशी छु " भन्दै जन आकाश मिडियासँग कुरा गर्दै प्रतिक्रिया दिएका थिए । त्यस्तै अर्का चालक युवराज लामाले भने "चार्जिङ स्टेशनहरु पनि थपिदै गएको र विद्युतिय सवारी साधनहरुको सामान नेपालमा नै बन्ने हुदा नेपाललाई फाइदा धेरै छ । त्यो सँगसँगै हामी चालकलाइ समेत यात्रु बोकेर हिड्दा पनि आफ्नै परिवारसँग हिडेको जस्तो अनुभव हुने शान्त वातावरण हुन्छ । त्यसैले अत्यन्तै खुशी छु । शुरुमा विद्युतिय सवारी साधन खरिद गर्दा अलि बढी रकम लाग्ने भएपनि पछि दैनिक रुपमा किन्नु पर्ने डिजेल, पेट्रोलको तुलनामा सस्तो पर्ने र बढी फाईदा हुने रहेछ ।" भन्दै अन्य सहकर्मीहरुलाई समेत विद्युतिय सवारी साधन खरिद गरेर चलाउन आग्रह समेत गरे । त्यस्तै विद्युतिय सवारी साधनले यात्रुलाई सहज र सुलभ सेवा दिन आफुहरु लागि परेको छाहारी यातायात प्रा.लि.का कर्मचारी गौतम लामाको प्रतिक्रिया दिएका थिए । ईभि कार एण्ड हव प्रा.लि.का मेनेजरको भनाइ यस्तो छ, चार्जिङ स्टेशनहरु हाम्रो प्रा.लि.ले सकेसम्म व्यस्थित गरेको छ । त्यसको अलवा सरकारले पनि बिभिन्न ठाउमा ईभि कार एण्ड भ्यान सवारी साधनहरुलाई सहज गराउन र वातावरणीय यातायात मैत्री बनाउन आग्रह गरेका छन् । स्मरणरहोस नेपालमा ईलेक्ट्रोनिक सवारी साधन प्रयोगको लागि यातायात कार्यलय बागमतीले २०२३ भित्र २० बर्ष पुराना सवारी साधनालाई ईलेक्ट्रिानिक सवारीले विस्थापन गर्ने नीति सार्वजनिक गरिसकेको छ । उक्त नीति लागु गर्न ईलेक्ट्रोनिक सवारी साधनमा सरकारले आकार्षणयुक्त प्याकेजहरु प्रर्वाह गरी सहजता, सुलभ रुपमा अधिक इलेक्ट्रोनिक सवारीलाई प्रोत्साहन गरेमा यातायात व्यावस्था कार्यलय बागमती प्रदेशले लिएको लक्ष्य प्राप्ति हुन्छ । यसरी सुधार गर्नुपर्ने क्षेत्रहरुमा पनि सवैको ध्यान पुग्न सकोस् ।

# हार्ले डेभिडसन, ट्राइम्फ र रोयल इन्फिल्डलाई बिर्सने हिरोले सस्तो अफरोडिङ बाइक ल्याउँदै

हिरो मोटोकर्पले चाँडै नै आफ्नो उत्कृष्ट अफरोडिङ बाइक हिरो एक्सपल्स २०० ४भी लन्च गर्ने तयारी गरेको छ । सो बाइकको अगाडि हार्ले, डयुअल च्यानल एबीएस सहितको नयाँ ब्रेकिङ सिस्टम हुनेछ । बाइकको लुक्समा पनि परिवर्तन गरिएको छ । बाइकमा एलईडी हेडल्याम्प दिइएको सिंगल सिलिन्डर एयर कुल्ड इन्जिन हुनेछ । सो इन्जिनले १९.१ बीएचपी पावर र १७.३५ एनएमको टर्क जेनेरेट गर्नेछ । रिपोर्टका अनुसार सो बाइले




ट्रायम्फ र रोयल इन्फिल्ड जस्ता कम्पनीका बाइक पनि फिक्का देखिनेछ । सो बाइक विशेषगरी अफरोडर्सलाई ध्यानमा राखेर डिजाइन गरिएको हो ।

सोही अनुसार यसमा फिचर पनि अपलोड गरिएको छ । बाइकमा छ । बाइकमा रोड, अफ रोड र -याली मोड गरी ३ वटा राइडिङ मोड पनि दिइएको छ ।

नयाँ बाइकमा एबीएसलाई म्यानुअल्ली अपरेट गरेर पनि स्विच अफ गर्न सकिने अनुमान छ । हिरो एक्सपल्स २०० ४भीमा १९९.६ सीसीको ५० किलोमिटर प्रति लिटरको माइलेज दिने अनुमान गरेको छ । कम्पनीले सो बाइकको मूल्यबारे कुनै खुलासा नगरेपनि यो बाइकको मूल्य १ लाख ४० हजार देखि १ लाख ५० हजार भारुको बीच हुने अनुमान गरिएको छ ।

## चट्याङबाट बच्ने उपाय :

- बिजुली चम्केको बेला सर्तक रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- विजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल , चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा घमला, ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस